डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं
डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,
त्यसैले,
वन पैदावारको सङ्कलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० चैत ०२ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 March 15 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १९६

## नयाँ गठबन्धनले देशलाई गति दिन्छ -महासचिव पोखरेल

प्रस, वीरगंज, १ चैत/

नेकपा एमालेका महासचिव शङ्कर



तस्वीरः प्रतीक

पोखरेलले नयाँ गठबन्धन सरकारले देशलाई गतिशील बनाउने बताएका छन् ।

बिहीवार एमाले पर्साद्वारा आयोजित प्रथम प्रतिनिधि परिषद् बैठकको उद्घाटन गर्दै उनले पुरानो गठबन्धनले मुलुकलाई कुशासनतर्फ लग्दा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले चाहे अनुसार काम गर्न नसकेपछि एमालेसँग गठबन्धन गरी नयाँ सरकार बनाएको बताए ।

महासचिव पोखरेलले नयाँ गठबन्धन सरकारले देशलाई भ्रष्टाचारमुक्त बनाउने र देशमा सुशासन ल्याउने कार्यलाई प्राथमिकतामा राखेको बताए ।

उनले यसअघिको गठबन्धन सरकारले भ्रष्टाचार नियन्त्रण गर्न खोज्दा नेपाली काङ्ग्रेसले अवरोध सिर्जना गरेको, राम्रो काम गर्न नदिएको, मन्त्रीलाई फेर्न खोज्दा सहमति नजुटेको, मुलुकमा बेथिति बढ्दै गएको आरोप लगाए ।

महासचिव पोखरेलले काङ्ग्रेसले सत्ताको नेतृत्व गर्न भित्रीरूपमा सहमति गरिरहेको अवस्थामा प्रधानमन्त्री प्रचण्डले एमाले अध्यक्ष केपी शर्मा ओलीसँग सहमति गरी नयाँ गठबन्धनको सरकार बनाएको दाबी गरे । लामो समयसम्म सत्तामा बसेको नेकाले देशमा विकास गर्न नसकेको, हजारौं योजना अलपत्र पारेको आरोप लगाए ।

महासचिव पोखरेलले तराई–मधेसमा लामो समयदेखि नेकाले नेतृत्व गरे पनि मधेसको विकास हुन नसकेको आरोप लगाए । राष्ट्रिय सूचकाङ्कमा अन्य प्रदेशभन्दा मधेस प्रदेश कमजोर भएको बताए । उनले पहिचानको मुद्दा उठाएर नेकाले मधेसमा एकलौटी शासन गर्न खोज्दा मधेस दिन प्रतिदिन पिछडिंदै गइरहेको बताए ।

उनले राष्ट्रिय राजनीतिबाट मधेसलाई टाढा राख्न खोज्ने मधेसी नेताहरू अहिले हराउँदै गएको बताए । वीरगंजलगायत देशभरि देखिएका परिवर्तन तथा सञ्चालित ठूल्ठूला योजनाहरू ओली सरकारको पालामा सुरुआत भएको दाबी गरे । मधेसमा एमालेलाई छिर्न नदिने निषेधको राजनीति गर्ने मधेसवादी दलहरू अब निस्तेज हुँदै गएको बताए ।

महासचिव पोखरेलले नाकाबन्दीको समयमा छिमेकी राष्ट्रले नेपालको राजनीतिमा प्रत्यक्ष हस्तक्षेप गर्दा एमालेले सोको विरोध गरेपछि एमालेलाई मधेसविरोधी बनाउन खोजेको आरोप लगाए । सत्ता परिवर्तनपछि सङ्घ तथा मधेस प्रदेशको सरकारमा अब एमालेले भरपूर सहयोग गर्ने बताए । उनले अब चाँडै मधेसमा सुशासन आउने र मधेसी जनताले परिवर्तनको अनुभूति गर्ने दाबी गरे ।

नेकपा एमाले पर्सा संयोजक डा विश्वम्भर शर्माको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश इन्चार्ज योगेश भट्टराई, केन्द्रीय सदस्य तथा सांसद राजकुमार गुप्ता, प्रभु हजरा, निर्मला देवकोटा, विचारी यादवलगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन सचिव मनोज गुप्ता तथा स्वागत शिवजी गुप्ताले गरेका थिए ।

## एउटा बाघ नियन्त्रण, अर्कोको खोजी

प्रमोद यादव, पंचगावाँ, १ चैत/

सखुवाप्रसौनी गाउँपालिका–२ बाट पर्सा राष्ट्रिय निकुञ्जको बाघ नियन्त्रण


तस्वीरः प्रतीक

टोलीले बिहीवार एउटा बाघलाई नियन्त्रणमा लिन सफल भएको छ ।

फागुन २४ गते सो स्थानमा दुईवटा बाघ देखिएको गाउँलेहरूको सूचनाको आधारमा खोजी कार्य शुरू भएको थियो । बाघ नियन्त्रणका लागि चितवन राष्ट्रिय निकुञ्जबाट चारवटा हात्तीसहित प्राविधिक टोली खटेको थियो । लगातारको खोजीमा बाघ फेला परेको थिएन ।

आज पर्सा राष्ट्रिय निकुञ्जको बाघ नियन्त्रण टोलीले एउटा बाघलाई नियन्त्रणमा लिन सफल भएको सबडिभिजन वन कार्यालय, रङ्गपुरका रेन्जर कपिलदेव यादवले बताए ।

हात्तीसहितको टोलीले बाघलाई घेराउ गरी जाल थापेर नियन्त्रणमा लिएको र डार्ट लगाएर बेहोश गरेको उनले बताए । नियन्त्रणमा लिएको बाघलाई पर्सा राष्ट्रिय निकुञ्जमा लैजाने तयारी भएको उनले जानकारी गराएका छन् ।

जीराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी गापा तथा पर्सागढी नपाका मानिसहरू बाघका कारण भयभीत छन् ।

बाघकै कारण सो क्षेत्रका मानिस साँझ पर्नेबित्तिकै घरबाहिर निस्कन डराउने, हुलाकी सडक सुनसान हुने र घरमा पनि आलोपालो गरी जाग्राम बस्ने गरेका थिए ।

बाघको आक्रमणबाट विगत तीन महीनामा दुईजनाको मृत्यु भइसकेको छ भने केही मानिस घाइते भएका थिए । बाघले सो क्षेत्रका पशुचौपायाहरूलाई पनि मारेको तथा घाइते बनाएको थियो ।

यस अवधिमा तीनवटा बाघ पनि मरेको अवस्थामा फेला परेको र आज एउटा बाघ नियन्त्रणमा आए पनि अर्को बाघ भने नियन्त्रणमा आउन सकेको छैन ।

## वीरगंज–पथलैया चल्ने म्याजिक भ्यान गण्डकमा थुपारियो

प्रस, परवानीपुर, १ चैत/

वीरगंज–पथलैया रूटमा चल्ने





चारवटा यातायात व्यवसायी सङ्घमा आबद्ध करीब २२५ वटा म्याजिक भ्यान र सिटीराइड बिहीवारदेखि गण्डकचोकमा थुपारिएको छ ।

ईरिक्शाको बिगबिगी साथै रूट परमिटविना सञ्चालन भइरहेकाले सो कार्य अविलम्ब बन्द गर्नुपर्ने माग गर्दै उनीहरूले आजदेखि म्याजिक भ्यान र सिटीराइडको सेवा बन्द गर्दै विरोधमा उत्रेका हुन् । दिउँसो १ बजेपछि केही ईरिक्शाचालकहरू गण्डकचोकमा भेला भएर गण्डकबाट परवानीपुरतर्फ सञ्चालन गर्न पाउनुपर्ने अडान राख्दै गण्डकमा खटिएका जनपद र ट्राफिक प्रहरीसँग विवाद गर्न थालेपछि म्याजिक भ्यानका चालकहरू पनि भेला भएर धक्कामुक्की भएको थियो । केही बेर म्याजिक भ्यान र ईरिक्शाचालकबीच झडपको अवस्था बने पनि सुरक्षाकर्मीलेझडप हुन दिएन । पछि ईरिक्शालाई वीरगंज महानगरपालिका वा सम्बन्धित निकायबाट रूट परमिट लिएर आए मात्र चलाउन दिने ट्राफिक प्रहरीले बताएपछि ईरिक्शाचालकहरूले वीरगंज महानगरपालिकाको मूलगेटमा धर्ना दिएका थिए ।

वीरगंज, परवानीपुर, पथलैया मझौला यातायात सङ्घमा ८०, बारा पर्सा परवानीपुर यातायात व्यवसायी सङ्घमा ७०, गुरुकृपा यातायात व्यवसायीमा २५ र आबद्ध नभएका २५ गरी करीब २०० वटा म्याजिक भ्यान यो क्षेत्रमा सञ्चालन हुँदै आएका छन् भने नारायणी यातायात व्यवसायी सङ्घ अन्तर्गत ३२ वटा सिटीराइड बसले सेवा दिंदै आएका



तस्वीरः प्रतीक

छन् ।

काठमाडौं, पोखरा, बुटवल, नारायणगढलगायत क्षेत्रमा मुख्य राजमार्गमा ईरिक्शा सञ्चालन नहुने गरेको, शहरी र ग्रामीण भेगका गल्लीमा मात्र ईरिक्शा सञ्चालन गर्न दिने भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयले निर्देशन जारी गरे तापनि जिल्ला ट्राफिक प्रहरी कार्यालयको उदासीनताका कारण मुख्य सडकमा ईरिक्शाको सञ्चालनमा रोक नलागेको वीरगंज परवानीपुर पथलैया मझौला यातायात व्यवसायी सङ्घका अध्यक्ष जगदीश साहले बताए । उनले वीरगंज–पथलैया क्षेत्रमा म्याजिक र सिटीराइड सञ्चालन गर्न आफूहरूले राजस्व तिरिरहेको तर हाम्रा यात्रीलाई ईरिक्शाले सेवा दिंदा आफूहरू मारमा परेको उनले दुःखेसो पोखे । उनले कतिपय सवारीधनीलाई बैंकको किस्ता तिर्न समस्या भएको र कतिपयको गाडी बैंकले तानेको समेत बताए ।

लाइसेन्स, बीमा र रूट परमिट बेगर सञ्चालन भइरहेका ईरिक्शा नियन्त्रणमा सरोकारवाला निकायले गम्भीरता देखाउनुपर्ने उनको भनाइ छ । उनले वीरगंजमा अहिले हजारौं ईरिक्शा सञ्चालनमा रहेकाले यसको थप बिक्रीमा पनि रोक लगाउनुपर्ने माग गरेका छन् । वीरगंज महानगरपालिकामा ६०० ईरिक्शाले मात्र दर्ता भई रूट परमिट लिएका छन् भने यातायात व्यवस्था कार्यालय वीरगंजमा करीब २५० वटा ईरिक्शाले मात्र दर्ता गरी रूट परमिट लिएका छन् तर वीरगंज र पर्साका विभिन्न ग्रामीण सडकमा गरी छ हजारभन्दा बढी ईरिक्शा सञ्चालन हुँदा ठाउँ–ठाउँमा जाम लाग्ने र यात्रीले दुःख भोग्नुपर्ने अवस्था छ ।

## सार्वजनिक महत्त्वका मुद्दा छिटो फैसला गर्नुपर्छ –नगरप्रमुख

प्रस, वीरगंज, १ चैत/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले सार्वजनिक महत्त्वका मुद्दालाई अदालतले प्राथमिकतामा राखेर सक्दो छिटो फैसला दिनुपर्ने सुझाव दिएका छन् ।

उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजद्वारा बिहीवार आयोजित मेलमिलापकर्ताहरूसम्बन्धी आठ दिने आधारभूत तालीमको उद्घाटन गर्दै नगरप्रमुख सिंहले सार्वजनिक महत्त्वका मुद्दाहरू अदालती अड्चनले ढिलो फैसला हुँदा विकास कार्य प्रभावित भइरहेकोतर्फ सहभागी न्यायाधीशहरूको ध्यानाकर्षण गराएका थिए ।

उनले सडक, शिक्षा, स्वास्थ्य जस्ता विषयमा अदालतमा मुद्दा पर्ने गरेको र निषेधाज्ञा र तारिखमा लामो समय अल्झिनुपर्दा विकास निर्माण कार्य प्रभावित भएको बताए । उनले यस्ता मुद्दाहरूलाई पनि मेलमिलापको माध्यमबाट सजिलै फछ्र्योट गर्दा विकास निर्माण कार्यले गति लिने सुझाव दिए । थुप्रै मुद्दा अल्झिएर विकास निर्माण कार्य अवरोध भएको भन्दै उनले न्यायाधीशहरूको ध्यानाकर्षण गराएका थिए ।

नगरप्रमुख सिंहले मेलमिलापको नीति अति राम्रो भन्दै यसबाट दुवै पक्ष सन्तुष्ट हुने र रिस, राग, द्वेषको अवस्था नरहने बताउँदै यसलाई प्राथमिकतामा राखेर काम गर्नुपर्ने तर केही कानून व्यवसायीहरू यस कार्यमा बाधक बनेका आरोप लगाए । उनले कानून व्यवसायीहरूको सकारात्मक भूमिकाले मेलमिलाप प्रभावकारी हुने बताए ।

नेपाल बार एशोसिएशनका उपाध्यक्ष




सुधीर कर्णले मेलमिलापमा कानून व्यवसायी बाधक भएको आरोप लाग्दै आएको र आगामी दिनमा यो आरोपबाट मुक्ति पाउन बार एशोसिएशनले पहल गर्ने बताए । उनले बारको पहलमा मेलमिलाप नीतिलाई प्रभावकारी ढङ्गबाट अगाडि बढाउन कानून व्यवसायीहरूलाई उत्प्रेरित गरिने बताए ।

नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले मेलमिलापले सामाजिक न्यायको सिद्धान्तलाई महत्त्व दिने बताए । उनले अंश, पारपाचुके, लेनदेनको मुद्दामा मेलमिलाप नीति प्रभावकारी हुने बताए । उनले न्याय महँगो हुँदै गएको चर्चा गर्दै जिल्ला, उच्च, सर्वोच्चमा मुद्दाको लागि धाउँदा ठूलो खर्च हुने र अदालतप्रतिको आस्था कमजोर हुने भन्दै मेलमिलापले त्यसलाई मलम लगाउने बताए ।

कार्यक्रमका अध्यक्ष न्यायाधीश अच्युतप्रसाद भण्डारीले पर्सा, बारा, रौतहटमा मेलमिलाप कार्यक्रम प्रभावकारी तरीकाले अगाडि नबढेको बताए । उनले यी तीन जिल्लामा मेलमिलापले गति लिन नसकेको र त्यसैलाई मध्यनजर गरेर कानून व्यवसायीलाई आठ दिने तालीम आयोजना गरिएको बताए । कार्यक्रममा रजिस्ट्रार प्रेम खड्काले स्वागत गरेका थिए भने न्यायाधीशहरू दुर्गाबहादुर विश्वकर्मा, दीपेन्द्रबहादुर बम, नीलम पौडेल, गणेश ठाकुर, हरिश्चन्द्र ढुङ्गाना, ऋषिराम निरौला, खडानन्द तिवारी, मोहनराज भट्टराई, अर्जुन महर्जन, भरत लम्साल, नेत्रप्रकाश आचार्य, हरिप्रसाद जोशी, दीपक खनाल, प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाललगायतको सहभागिता थियो ।

तालीममा पर्सा बारका ३० जना कानून व्यवसायी सहभागी भएका र उनीहरूलाई डा कुमार आचार्य र विनोद शर्माले प्रशिक्षण दिने बताइएको छ ।

### विचारसार र सूक्तिहरू

**यस दुनियाँमा अवहेलना कमाउनु पनि कम कष्टकर छैन। मानिसको आँखामा बिझाउनका लागि केही विशेषता पनि त हुनुपर्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


## उपभोक्तामा हस्तक्षेप

**अहिले उपभोक्ता समितिमार्फत हुने कामहरूमा भ्रष्टाचार बढेको छ। उपभोक्ता समितिको अवधारणा आफैंमा राम्रो हो। सडक, नाला निर्माण गर्ने क्रममा उपभोक्ता समितिको काम प्रभावकारी हुने गरेको थियो। सरकारले विकासका काममा उपभोक्ताको सहभागिता रहँदा भ्रष्टाचारका घटना नहुने अभिप्रायले उपभोक्ता समितिको अवधारणा ल्याएको थियो। सडक, नाला निर्माण हुने स्थलका मानिसहरू जसले सो कामको उपभोग गर्छन्, उनीहरूको सहभागितामा उपभोक्ता समिति निर्माण गर्ने अनि त्यसमा उपभोक्ता समितिका सदस्यहरूको पनि आर्थिक सहभागिता हुने गरेको थियो। शुरूमा सरकारको ६० प्रतिशत र उपभोक्ता समितिको ४० प्रतिशत लगानी रहने व्यवस्था रहँदासम्म यो कामले गति लिएको थियो। उपभोक्ता समितिमार्फत भएका कामहरूको गुणस्तरीयता कायम भएको र भ्रष्टाचारको सम्भावना पनि कम हुने गरेकोले यसको प्रयोग बढ्दै गएको हो। तर यो लोकप्रिय काममा अहिले झनै भ्रष्टाचार बढेको छ। भ्रष्टाचार हुनुमा सरकारले उपभोक्ता समितिको भूमिका कमजोर पार्ने काम गरेर हो। ६०-४० को अवधारणामा वास्तविक उपभोक्ताहरूको सहभागितामा हुने गरेका कामहरूको सराहना भएको र ठेकेदारभन्दा उपभोक्ता समितिमार्फत काम गराउने परिपाटी बढेपछि नियोजितरूपमा यो काममा ठेकेदारको प्रवेश गराउन चलखेल भयो र सरकारले ८५:१५ को अवधारणा ल्यायो। त्यसपछि ठेकेदारहरूले यो काममा पनि आफ्नो संलग्नता बढाउन थाले।**

**उनीहरूले निश्चित मुनाफा रकम दिएर उपभोक्ता समितिको नाममा कामहरू लिन शुरू गरे। ठेकेदारहरूको प्रवेशसँगै यो काममा पनि विकृति बढ्न शुरू भएको हो। ठेकेदारहरूले विकास कार्यालयहरूबाट १५ प्रतिशत कमिशनमा योजनाका कामहरू लिंदै आएका छन्। उपभोक्ता समितिका कामहरू पनि सोही अनुपातमा पाउन थालेपछि जसले काम लिएको छ, त्यसलाई पाँच/दश प्रतिशत अग्रिम कमिशन दिएर उनीहरूको काम ठेकेदारले नै गर्दै आएका छन् । अहिले यही परम्परा हावी भएको छ र नक्कली उपभोक्ता समितिको नामबाट ठेकेदारहरूले काम गर्दै आएका कारण विकास निर्माण कार्यहरू कमसल हुन थालेका हुन्। जसले उपभोग गर्ने हो, उसैको आर्थिक सहभागितामा हुने कामहरू गुणस्तरीय हुने गरेको थियो। किनभने उपभोगकर्ताले आफ्नो क्षेत्रको काममा चासो राख्दै गुणस्तरीय निर्माण सामग्रीहरूको प्रयोग गर्थे। अनि जतिसक्दो कममा काम सम्पन्न गर्ने र आफूले पनि कम रकम तिर्नुपर्ने व्यवस्था मिलाउँथे।**

**अहिले त्यही काम मुनाफा र कमिशनका लागि मात्र हुन थालेपछि विकृति बढेको हो। अहिले सबैजसो पालिकामा टेन्डरमा भन्दा उपभोक्ता समितिमार्फत काम हुन थालेका छन्। तर उपभोक्ता समितिको अवधारणालाई तिलाञ्जलि दिएर। जुन स्थानमा काम हुने हो, त्यहाँ भेला गर्ने, उपभोगकर्ताको सहभागितामा समिति बनाउने र समितिका सदस्यहरूको रेखदेखमा काम हुने हो। तर अहिले यो काम कहाँसम्म गएगुज्रेको भएको छ भने मन्त्रीहरूको ठाडो आदेशमा फलानोको उपभोक्ता समितिमार्फत काम गराउनु भनेर आदेश जारी हुन थालेको छ। उपभोक्ता समितिको अवधारणाविपरीत विकास कार्यालयका कर्मचारीहरूलाई मन्त्रीले तोकेका मानिसमार्फत काम गराउन बाध्य पारिएको छ। यस प्रकारको विकृति मौलाउनेहरूबाटै जनताले सुशासन, समृद्धिको कुरा सुन्नुपरेको छ।**

# माओवादीमा पनि परिवारवाद

स्वतन्त्र विचार



**श्रीमन्नारायण**
an_shriman@yahoo.com

**प्रचण्डले पार्टीमा आफन्तवाद भित्र्याएको अनेकौ घटना छन्। स्व प्रकाश दाहालदेखि रेणु र गङ्गा हुँदै विना मगर र जीवन आचार्य यसका उदाहरण हुन्। भाइलाई राष्ट्रियसभा अध्यक्ष, ज्वाइँलाई मन्त्री र काका नाता लगाउनेलाई राजदूत नियुक्त गर्ने काम प्रचण्डबाट भएको आरोप लाग्दै आएको छ।**

नेकपा माओवादी केन्द्रका नेता एवं राष्ट्रियसभा सांसद नारायणप्रसाद दाहाल सत्ताधारी गठबन्धनको समर्थनबाट राष्ट्रियसभाको अध्यक्ष पदमा निर्वाचित भएका छन्। उनको विजयले संवैधानिक परिषद्मा नेकपा माओवादी केन्द्रको उपस्थितिलाई पनि सुनिश्चित बनाएको छ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नातामा भाई पर्ने नारायणप्रसाद दाहाल राष्ट्रपतिद्वारा मनोनीत राष्ट्रियसभा सदस्य हुन्, उनको कार्यकाल चार वर्षको छ। माओवादी केन्द्रले अवसर लिने ठाउँ र पदहरूमा प्रचण्डको परिवारका सदस्य अगाडि रहने गरेको भनी आलोचना हुन थालेको छ। राष्ट्रियसभा अध्यक्ष पदको उम्मेदवारको रूपमा झक्कुप्रसाद सुवेदी र उर्मिला अर्यालको नाम निकै चर्चामा थियो तर निर्णय भने अप्रत्याशितरूपमा दाहालको पक्षमा हुन गयो। पार्टीभित्र यस निर्णयको आलोचना भए पनि अन्ततः सेलाएर जाने निश्चित छ। सशस्त्र क्रान्तिको माध्यमबाट स्थापित पार्टीमा यसरी परिवारवादले प्रश्रय पाउनु दुर्भाग्य हो।

नेकपा माओवादीको एक दशक लामो सशस्त्र सङ्घर्षका कारण १७,००० भन्दा बढी नेपाली नागरिकले ज्यान गुमाएका थिए। राष्ट्रले धनजनको ठूलो क्षति भोग्नुपरेको थियो। नेकपा माओवादीको सशस्त्र सङ्घर्षमा आदिवासी, जनजाति, दलित र मधेसीहरूले ठूलो सङ्ख्यामा बलिदान दिएका थिए। हिमाल, पहाड र तराई-मधेसका गरीब, कमजोर एवं असहाय परिवारका सदस्यहरूको समर्पण, त्याग एवं बलिदानका कारण नेकपा माओवादी विगत १७ वर्षदेखि सत्तासुख भोग्दै आएको छ। आन्दोलनका बेला र दुःख एवं यातना सहने बेला अन्यलाई अगाडि बढाउने तर अवसर एवं लाभ लिने बेला नेतृत्व पङ्क्तिका पारिवारिक सदस्यलाई अगाडि बढाउनु दुर्भाग्यपूर्ण हो। हुनत नेकपा माओवादी केन्द्र पनि अब पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डकै वरिपरि केन्द्रित छ र पार्टी नेतृत्वको निर्णयमाथि प्रश्न उठाउने क्षमता कसैसित पनि छैन। पार्टीका वरिष्ठ नेताहरू मोहन वैद्य किरण र डा बाबुराम भट्टराईले पार्टी परित्याग गरिसकेका छन्। दोस्रो पङ्क्तिका नेताहरू रामबहादुर थापा 'बादल', सिपी गजुरेलहरू पनि पार्टी परित्याग गरिसकेका छन्। नन्दबहादुर पुन उपराष्ट्रपति भइसकेका कारण सक्रिय राजनीतिमा फर्केर आउने सम्भावना छैन। नेत्रविक्रम चन्द पनि पार्टी परित्याग गरिसकेका छन् अब फर्केर उनी माओवादीमा आए पनि पार्टी नेतृत्वलाई चुनौती दिन सक्ने अवस्थामा हुने छैनन्। पार्टीका एक अन्य वरिष्ठ नेता कृष्णबहादुर महरा सधैं कुनै न कुनै विवादमा आउने गरेका छन्। सरकार गठनको निम्ति छिमेकी देश चीनबाट ५० करोड रुपियाँ लिएको अडियो टेप सार्वजनिक हुनु, संसद् सचिवालयका महिला कर्मचारीले लगाएको आरोप र अब सुन तस्करी प्रकरणमा प्रहरीले उनीसित बयान लिनुलगायत घटनाले उनको छविमाथि नकारात्मक प्रभाव परेको छ। पार्टी पूर्णरूपेण अध्यक्षमुखी र एकल नेतृत्वको पार्टी बन्न गएको छ।

नारायणप्रसाद दाहाललाई राष्ट्रिय सभा अध्यक्ष उम्मेदवार बनाउने पार्टी अध्यक्षाको निर्णयमा पार्टीका उपमहासचिव जनार्दन शर्माले विरोध जनाएका थिए। यस अघि पनि दाहाललाई दोहोरो जिम्मेवारी दिइएको विषयलाई लिएर उनले प्रश्न उठाएका थिए।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कान्छी छोरी गङ्गा दाहाललाई स्वकीय सचिव बनाएका छन्। प्रधानमन्त्रीको भारत भ्रमणको क्रममा त्यहाँका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल र चीन भ्रमणका क्रममा राष्ट्रपति सी जिनपिङसँगको प्रतिनिधिमण्डलस्तरीय वार्तामा गङ्गा दाहाल प्राथमिकताका साथ देखिएपछि कतिपयले आलोचना गरेका थिए। आफ्ना छोराछोरीलाई राजनीतिमा अगाडि बढाउने तरीका यसरी नै हुने गर्दछ। अन्य दलका नेता र प्रधानमन्त्रीहरूले पनि यस्तै गर्दै आएका छन्। माओवादी पार्टीका अन्य नेताहरूले पनि आफ्ना दाजुभाइ, पत्नी अथवा बुहारीलाई पालिकास्तरमा उम्मेदवार बनाउने गरेका छन्।

प्रधानमन्त्रीकी माइली छोरी रेणु दाहाल चितवन महानगरपालिकाको दोस्रो कार्यकालका लागि मेयर छिन्। प्रचण्डको परिवार मोहमा उनलाई समेत जोड्ने काम भइरहेको छ। कतिपयले रेणु दाहालको बचाउमा उनी जनताको मतबाट चुनाव जितेर आएको तर्क राख्ने गर्दछन् भने उनका विरोधीहरू भने जीत सुनिश्चित भएको अवस्थामा परिवारका सदस्यले टिकट पाउनु नै ठूलो पक्षपात हो भन्ने आरोप पनि लगाउँछन्।

कोशी प्रदेशमा पर्यटन, वन तथा वातावरण र आर्थिक मामिला तथा योजनामन्त्रीमा पटक-पटक दोहोरिएका जीवन आचार्य, गङ्गा दाहालका पति हुन्। सम्भवतः पार्टी नेतृत्वको नातेदार भएकै कारण उनी दुईपटक मन्त्री बन्न भ्याए।

फागुनमैं सम्पन्न माओवादी स्थायी समिति बैठकबाट अध्यक्ष प्रचण्डले बुहारी विना मगरलाई सुदूरपश्चिम प्रदेशको सहइन्चार्ज बनाएका थिए। बुहारीलाई अस्वाभाविक पदोन्नति गरेको २० दिन नपुग्दै उनले भाइ नारायण दाहाललाई राष्ट्रियसभाको अध्यक्ष बनाए। सत्ता गठबन्धनसित पर्याप्त सङ्ख्या भएका कारण उनी निर्वाचित भएका छन् तर राजनीतिक पृष्ठभूमि र क्षमताको हिसाबले अर्यालको सम्भावना बढी देखिन्थ्यो। झक्कुप्रसाद सुवेदीलाई उम्मेदवार बनाइएको भए ६ वर्षसम्म यस पदमा रहने थिए। राष्ट्रियसभाको अध्यक्ष बन्ने चाहना सुरेश आले मगरको पनि थियो। उनी सम्भवतः सर्वाधिक योग्य व्यक्ति साबित हुने थिए।

प्रचण्डले पार्टीमा आफन्तवाद भित्र्याएको अनेकौ घटना छन्। स्व प्रकाश दाहालदेखि रेणु र गङ्गा हुँदै विना मगर र जीवन आचार्य समेत यसका उदाहरण हुन्। भाइलाई राष्ट्रियसभा अध्यक्ष, ज्वाइँलाई मन्त्री बनाउने र काका नाता लगाउनेलाई राजदूतको नियुक्ति दिलाउनेसम्मको काम प्रचण्डबाट भएको आरोप लाग्दै आएको छ।

माओवादी, १० वर्षे कडा सशस्त्र युद्ध गरेर स्थापित पार्टी हो। १० वर्षीय युद्धमा हजारौं नेता-कार्यकर्ताले ज्यानको आहुति दिएर प्रचण्डलाई स्थापित गरेका हुन्। अहिलेको प्रचण्ड बनाउन हजारौंले ज्यान गुमाएका हुन्। हजारौंको सङ्ख्यामा घाइते छन्। शरीरमा युद्धको गोली बोकेर बाँचिरहेका माओवादी नेता, कार्यकर्ता अहिले पनि भेटिन्छन्। अझै युद्धमा परिवारका सदस्य गुमाउने र बेपत्ता पारिएको सङ्ख्या पनि हजारौं छ। उनीहरूले अवसर पाउँदैनन् तर माओवादीमा अवसर नपाएका प्रचण्डका नातेदार कमै होलान्।

चितवनकी मेयर रेणु दाहालका पति अर्जुन पाठकलाई उनको (मेयरको) विशेष सल्लाहकार चयन गरिएको थियो। रेणु दाहाललाई अर्को चुनावमा चितवन-३ बाट प्रतिनिधिसभा उम्मेदवार बनाउने चर्चा चितवनमा व्यापक छ। प्रचण्डका बहिनीज्वाइँ खेम भण्डारीलाई भरतपुर अस्पतालको अध्यक्ष नियुक्त गरिएको थियो। जेठी छोरी ज्ञानु दाहाल केसी (दिवङ्गत)का पति सागर केसीलाई तत्कालीन सभामुख कृष्णबहादुर महराको स्वकीव सचिव नियुक्त गरिएको थियो।

ठूला-ठूला पदमा हुनेहरू भ्रष्टाचार, पदलोलुपता, भाइ-भतिजावाद, छोराछोरीवादमा लिप्त पाइएका कारण पदको गरिमा, मर्यादा, प्रतिष्ठालाई एक किसिमले लिलाम चढाउने काम भएको छ। राजनीतिक दल र नेताहरूप्रति जनतामा देखिएको नैराश्यताको कारण एक होइन, अनेक छन्। परिवारवाद र जातिवादको यो रोग मधेस केन्द्रित दलमा व्यापक छ। फलस्वरूप ती दलहरू आलोपालो गर्दै सकिए। आफ्नी पत्नीलाई सभासद बनाउने नेताका मधेसी दलहरू त नामेट नै भएका छन् भने अन्य दलहरू पनि अन्तिम सास लिइरहेका छन्। नेकपा माओवादीबाट यस्तो अपेक्षा थिएन किनभने यो क्रान्तिकारी पार्टी थियो। एक दशकसम्म सशस्त्र सङ्घर्ष गरेको थियो। जनताको जनजीवनमा आमूल परिवर्तन ल्याउँछु, नयाँ नेपाल बनाउँछु भन्ने वाचा गरेको थियो। देशमा व्याप्त असमानता, कुरीति, पछौटेपन, गरीबी, बेरोजगारी अन्त्य गर्ने नारा दिएको थियो। पार्टी पटकपटक सरकारमा बस्दा पनि जनताको हकमा कुनै ठोस काम गर्न सकेको छैन। केवल सत्ता गठबन्धन बनाउने र भत्काउने खेल मात्रै भइरहेको छ। माओवादी अध्यक्षमा देखिएको परिवारवादको मोह दुर्भाग्यपूर्ण हो।

# सामुदायिक विद्यालयका शिक्षक, कर्मचारीको सम्मान कार्यक्रम

प्रस, पोखरिया, १ चैत/

पोखरिया नगरपालिकाको आयोजनामा नगरस्तरीय योजना अन्तर्गत सामुदायिक विद्यालयका शिक्षक, कर्मचारीहरूलाई सम्मान कार्यक्रम बुधवार सम्पन्न भएको छ।

कार्यक्रममा नगरप्रमुख प्रद्युम्न चौहानले २१औं शताब्दीमा विद्यालयमा अभिभावकको भूमिका कम र शिक्षकको भूमिका बढी हुने भएकोले आफ्नो काम, कर्तव्यबाट नपन्छिन शिक्षकहरूलाई आग्रह गरे। उनले पालिकाको शिक्षाको स्तर उकास्न काम गरिरहेको बताए। नगरप्रमुख चौहानले पहिलेभन्दा अहिले विद्यालयमा पढाइको अवस्थामा सुधार भएको बताए। विद्यालयमा नपढाउने शिक्षकलाई गाउँकै व्यक्तिहरूले सरुवा गर्न दबाब दिने गरेकोले अभिभावकहरूको विद्यालयमा निगरानी बढेकोमा उनले खुशी व्यक्त गरे।

नगरप्रमुख चौहानले शिक्षा शाखा शिक्षा समितिको निर्देशन अनुसार चल्ने भएकोले कर्मचारीलाई गलत आरोप नलगाउन सुझाव दिए। उनले शिक्षक महासङ्घको अनुरोधमा दुईजना शिक्षकलाई १५ दिनदेखि हाजिर नगराएकोले शिक्षक महासङ्घले सम्बन्धित ठाउँमा बहस गर्नुपर्ने बताए।



तस्वीर: प्रतीक

उनले विस्थापित शिक्षकहरूलाई स्थापित गर्ने बताए। कार्यक्रममा उपप्रमुख रूबी ठाकुर, नि प्रमुख प्रशासकीय अधिकृत अजय श्रीवास्तव, शिक्षा शाखा प्रमुख विजय झा, शिक्षक पर्वत ठाकुर, पारस ठाकुर, इन्द्रदेव पटेल, विनोद गिरी, नन्दलाल पटेललगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा स्वागत शिक्षक विनोद चौहान र सञ्चालन भगवान साहले गरेका थिए। कार्यक्रममा शिक्षकहरूलाई ब्याग, डायरी, कलम र गम्छा प्रदान गरी सम्मान गरिएको थियो।

कार्यक्रममा वडाध्यक्षहरू लछुमन साह, महिन्द्र महतो, नौशाद आलम, किशोरी साह, कौशल कुमार साह, दीपक ठाकुर, प्रअ ओमप्रकाश रौनियार लगायतको सहभागिता थियो।

# कान्ति लोकपथमा यातायात सञ्चालनमा रोक

मकवानपुर, १ चैत/रासस

काठमाडौंबाट हेटौंडा जोड्ने कान्ति लोकपथ अन्तर्गत पर्ने ललितपुरको भट्टेडाँडास्थित सडक मरम्मत-सम्भार गर्ने उद्देश्यले आज बिहानदेखि यातायात सेवामा रोक लगाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

उक्त सडक निर्माणका क्रममा चैत १ गतेदेखि विसं २०८१ वैशाख १५ गतेसम्म यातायात सञ्चालनमा रोक लगाइएको सडक विभागले जिल्ला प्रहरी कार्यालय मकवानपुरलाई जानकारी गराएको जिप्रका मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले राससलाई बताए।

उनका अनुसार, काठमाडौं कान्ति लोकपथ हुँदै आउने सवारीसाधनलाई काठमाडौंको थानकोट-मकवानपुरको चित्लाङ हुँदै हेटौंडातर्फ आवतजावत गर्न अनुमति प्रदान गरिएको बताए। उक्त सडकमा हल्का सवारीसाधन दैनिक दुई हजारभन्दा बढी आवतजावत गर्ने गरेको भीमफेदी इलाका प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## व्यापारमा नैतिकताको महत्त्व

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**युरोप र अमेरिकाका बजारहरूमा व्यापारिक नैतिकताको पालन राम्ररी भएको पाइन्छ। कलेजका पाठ्यक्रममा व्यापार–नैतिकता पाठ्य सामग्रीको रूपमा राखिएको हुन्छ। विद्यार्थीहरूलाई व्यापार नैतिकताबारे जानकारी गराइन्छ। व्यापारिक नैतिकताको बोध गराइन्छ।**

व्यापारी वा व्यवसायीले व्यापार गर्दा आफ्नै विवेकले यो काम उचित हो र यो कार्य अनुचित हो भनी छुट्याउनु अनि उचित लागेको कार्य गर्नु र अनुचित लागेको कार्य नगर्नु व्यापारिक नैतिकता (Business Ethics) हो। व्यापार गर्दा आफ्नो विवेकको प्रयोग गर्नु व्यापारिक नैतिकता हो। मुनाफाको लागि ग्राहकलाई नठग्नु व्यापारिक नैतिकता हो। व्यापार गर्दा प्रत्येक व्यापारी नैतिकवान् हुनु व्यापारिक नैतिकता हो।

व्यापारिक नैतिकताले व्यापारीहरूलाई विवेकी नागरिक हुन प्रेरित गर्छ। समाजोपयोगी कार्य गर्न प्रेरित गर्छ। व्यापारिक नैतिकताले व्यापारीहरूलाई उपभोक्ताको हितविपरीत अपराध कर्म गर्न दिंदैन।

व्यापारिक नैतिकताको अवधारणा अनुसार व्यापारीले आफ्नै विवेकद्वारा निर्देशित भएर ग्राहकलाई ठग्ने काम गर्नु हुँदैन। अर्थात् व्यापारीको लागि पहिलो प्रशासन, कानून र न्यायालय भनेको उसको आफ्नै विवेक हो। ग्राहकलाई ठग्ने कार्य कुनै व्यापारीबाट हुन थालेको छ भने त्यस्तो कार्य गर्न नदिन सर्वप्रथम उक्त व्यापारीको विवेक नै कानूनको रूपमा उपस्थित हुनुपर्छ। कार्य गर्नुपर्छ। उसको विवेकले ग्राहक ठग्ने कार्य गर्न दिनुहुँदैन।

कानून र नियम लागू गराउने अधिकारीहरू अपराध हुने हरेक स्थानमा उपस्थित हुन सक्तैनन्। हर घडी अपराधीको पछि लाग्न सक्तैनन्। सबै अपराध रोक्न सक्तैनन्। यस्तो हुनु सम्भव पनि छैन। तर अपराध हुने स्थानमा अपराध गर्न तयार व्यापारीको विवेक त्यहाँ उपस्थित रहन्छ। त्यस्तो हुनु सम्भव पनि हुन्छ। यसले गर्दा कुनै व्यापारीले कुनै अपराध कर्म (बढी मूल्य लिने, गलत सामान दिने, स्तरहीन वस्तु दिने) गर्ने उद्देश्य राखे सर्वप्रथम उक्त व्यापारीको विवेकले नै उसलाई त्यस्तो अपराध कर्म गर्नबाट रोक्नुपर्छ। त्यस्तो अपराध कर्म गर्न दिनुहुँदैन। यही अवधारणा अनुसार व्यापारिक नैतिकताले कार्य गर्दछ।

व्यापारीहरूले आपूर्ति गर्ने सामग्रीहरूमा ग्राहक (उपभोक्ता) हरूको जीवन र मृत्यु निर्भर रहेको हुन्छ। यदि कुनै व्यापारीले अति मुनाफाका लागि गलत औषधि बिक्री गर्ने हो भने त्यो औषधिको सेवनबाट उक्त बिरामीको रोग निको हुन सक्तैन। यदि लामो समयसम्म त्यस्तो औषधि उक्त बिरामीले सेवन गर्दछ भने उसको मृत्यु पनि हुन सक्छ। यसरी सरसरर्ती हेर्दा व्यापारीले उपभोक्तालाई वस्तु र सेवा मात्र उपलब्ध गराएको सामान्य कार्य गरेको देखिए तापनि यथार्थमा उसले ग्राहकहरूलाई जीवन दिने र लिने कार्य गरिरहेको हुन्छ। यो भनाइको उदाहरण खोज्न धेरै पर जानुपर्दैन। निकटको छिमेकी भारतका बजारहरूको क्रियाकलाप हेरे हुन्छ। 'विषालु मदिराको सेवनबाट यति जनाको मृत्यु', यस्ता खबरहरू भारतीय सञ्चार माध्यमहरूले दिएको हामीले सुनेको, पढेको नै हो। भारतमा व्यापारीहरूको गलत र आपराधिक कार्यले गर्दा प्रत्येक वर्ष सयौं उपभोक्ताको मृत्यु हुन्छ। कतिपय मृत्यु वस्तु उपभोगसँग प्रत्यक्ष सम्बन्धित हुन्छ भने कतिपय अप्रत्यक्ष।

व्यापारिक नैतिकताको अवधारणा अनुसार कुनै पनि उपभोक्तासँग निम्न पाँच अधिकार सुरक्षित रहनुपर्दछ। उपभोक्ताका यी अधिकारहरू पूर्ति गर्नु प्रत्येक व्यापारीको नैतिक कर्तव्य हो। उपभोक्ताका पाँच अधिकार यस प्रकार छन् : १. सुरक्षित रहने अधिकार, २. छनोट गर्ने अधिकार, ३. थाहा पाउने अधिकार, ४. सुसूचित हुने अधिकार, तथा ५. छुटकारा वा क्षतिपूर्ति पाउने अधिकार। उपभोक्ताका यी अधिकारबारे छोटो चर्चा गरौं–

कुनै पनि उपभोक्तासँग वस्तु वा सेवा उपभोगको क्रममा आफू सुरक्षित रहने अधिकार हुन्छ। जस्तै, हरेक सुरक्षा व्यस्ततायुक्त बस, ट्रक, कार आदि उपभोक्तालाई बिक्री गर्नु बिक्रेताको दायित्व हो र आफूले खरीद गर्ने बस वा ट्रक हरेक सुरक्षा व्यवस्थाले युक्त भएको उपभोक्ताले माग (प्राप्त) गर्नु उपभोक्ताको अधिकार हो।

जस्तै, कुनै बिक्रेताले सुन्तला बिक्री गर्न राखेको छ भने ती सुन्तलाबाट राम्रो राम्रो सुन्तला मात्र छनोट गरेर खरीद गर्न पाउनु उपभोक्ताको अधिकार हो। छानेर सुन्तला खरीद गर्न पाइँदैन भनेर बिक्रेताले भन्न पाउँदैन। बिक्रेताले त्यस्तो भन्नु उपभोक्ताको अधिकार हनन् गर्नु हो।

बजारमा के भइरहेको छ सोबारे जानकारी पाउनु उपभोक्ताको अधिकार हो। बिक्रेताले बिक्री गर्ने वस्तु उसको कारणले होइन, उत्पादकको कारणले गर्दा खराब भएको (रहेको) छ भने सो कुरा बिक्रेताले तत्काल उपभोक्ताहरूलाई जानकारी गराउनुपर्दछ। त्यस्तो गर्नु बिक्रेताको दायित्व हो भने त्यस्तो जानकारी पाउनु उपभोक्ताको अधिकार हो।

बजारमा कुनै नयाँ उत्पादन आएको छ, कुनै वस्तुको विद्यमान प्रकृतिमा कुनै खराबी वा सुधार आएको छ, कुनै खास किसिमको वस्तु उपभोग गर्दा कुनै समस्या उत्पन्न हुने देखिएको छ, यस्ता प्रकृतिका जानकारी उपभोक्ताहरूलाई उपलब्ध गराउनु बिक्रेताको दायित्व हो। त्यस्ता जानकारी थाहा पाउनु उपभोक्ताहरूको अधिकार हो।

भनिए अनुसारको सेवा कुनै वस्तुले दिन नसकेर त्यस्तो वस्तु खरीद गर्ने उपभोक्ताले कुनै क्षति बेहोर्नुपरेको छ भने त्यस किसिमको क्षतिको पूर्ति गरिदिनु बिक्रेताको दायित्व हो भने कमसल वस्तु उपभोगको क्रममा बेहोर्नुपरेको क्षतिको पूर्ति पाउनु उपभोक्ताको अधिकार हो। बिक्रेताले त्यस किसिमको क्षतिको अवश्य पनि पूर्ति गर्नुपर्छ। कारमा भएको खराब सुरक्षा व्यवस्थाको कारण, कुनै कार–दुर्घटनामा परेर कुनै चालक घाइते भएको छ, चालकले ठूलो क्षति बेहोर्नुपरेको छ (चालकले एउटा खुट्टा गुमाएको स्थिति छ) भने त्यस्तो क्षतिको पूर्ति बिक्रेता (कार डिलर वा कार उत्पादक) ले चालकलाई दिनुपर्छ।

युरोप र अमेरिकाका बजारहरूमा व्यापारिक नैतिकताको पालन राम्रो किसिमले भएको पाइन्छ। कलेजका पाठ्यक्रममा व्यापार नैतिकता पाठ्य सामग्रीको रूपमा राखिएको हुन्छ। विद्यार्थीहरूलाई व्यापार नैतिकताबारे जानकारी गराइन्छ। व्यापारिक नैतिकताको बोध गराइन्छ। ती विद्यार्थीहरूले भोलिको दिनमा व्यापार गर्दा व्यापारिक नैतिकताको पालना गरून् भन्ने उद्देश्यले यस्तो गरिन्छ।

दक्षिण एशियाका बजारहरूमा व्यापारिक नैतिकताको स्थिति राम्रो छैन। चीनजस्तो विश्वको सर्वाधिक ठूलो बजारमा पनि व्यापारिक नैतिकताको स्थिति राम्रो छैन। चीनले ठूलो सङ्ख्यामा स्तरहीन सामान बिक्री गर्दछ।

नेपाल, भारत, पाकिस्तान, बङ्गलादेशका बजारहरूमा बिक्रेताहरूले कमसल, खराब, स्तरहीन सामान बिक्री गर्नु सामान्यजस्तो देखिन्छ। तरकारीहरू ताजा र उचित गुणयुक्त छन् भनी प्रदर्शन गर्न तिनलाई अनेक किसिमका रङ्गले रंगाउनु र यस्तो कार्य गरेर बिक्रेताहरूले ठूलो रकम हात पार्नुलाई अपराध मानिंदैन। त्योभन्दा पनि ठूलो कुरा, बिक्रेताहरू त्यस्तो कार्य गर्नु नैतिकपतन भएको ठान्दैनन्।

स्तरहीन मात्र होइन, उपभोक्ताहरूको स्वास्थ्य (मिर्गौला, कलेजो, मुटु) खराब पार्ने, उपभोक्ताको ज्यान नै जाने किसिमका वस्तुहरू बिक्री गर्नुलाई बिक्रेताहरूले अपराध मानेको पाइँदैन। दूधमा पानी मिसाउनु, बासी खाने कुराहरू बिक्री गर्नु, तरकारीमा विषादि प्रयोग गर्नु, म्याद सकिएको उपभोक्ता वस्तु बिक्री गर्नु, बढी मूल्य लिनु आदिलाई दक्षिण एशियाका बजारहरूमा व्यापारिक अपराध मानिंदैन। हुनत यस्ता समस्या अमेरिका र युरोपका बजारहरूमा पनि पाइन्छ, तर ज्यादै न्यून।

बजारमा सामानको अभाव भएको बेला एउटा मात्र बिक्रेता र सहस्र क्रेता रहेको अवस्थामा, सामान खरीद गर्न उपभोक्ताबीच नै हानथाप भएमा, वा यस किसिमको अन्य अवस्थामा एक बिक्रेताले अत्यधिक चर्को मूल्यमा आफ्नो सामान बिक्री गर्न सक्छ। त्यस्तो गरेर करोडौं रुपियाँ नाफा गर्न सक्छ। तर नैतिकवान् व्यापारीले त्यस्तो गर्दैन। किनभने उसको नैतिकताले त्यस्तो गर्न दिंदैन। उसले व्यापार गर्ने स्थानको प्रचलित कानूनले त्यस्तो गर्ने अनुमति दिए पनि नैतिकवान् व्यापारीले त्यस्तो कार्य गर्दैन।

व्यापारमा व्यापारिक नैतिकताको उच्च महत्त्व छ। हाम्रो सामाजिक जीवनमा नै पनि यसको महत्त्व धेरै छ। व्यापारिक नैतिकताबारे विद्यालय एवं विश्वविद्यालयहरूमा पढाइ हुन आवश्यक छ। यसैगरी नगरपालिका र गाउँपालिकाहरूले आफ्ना बजारभित्रका बिक्रेताहरूलाई व्यापारिक नैतिकबारे जानकारी गराउन आवश्यक छ। बेला बेलामा व्यापार नैतिकताबारे ती निकायहरूले बिक्रेताहरूलाई जानकारी दिन आवश्यक छ, शिक्षित पार्न आवश्यक छ।

## भेडाबाख्रामा पिपिआर रोकथाम गर्न अभियान

जनकपुरधाम, १ चैत/रासस

भेडा तथा बाख्रामा लाग्ने पिपिआर रोग रोकथामका लागि मधेस प्रदेशमा सात लाख ९२ हजार भेडा तथा बाख्रामा खोप लगाउने लक्ष्यसहित सप्ताहव्यापी अभियान शुरू गरिएको छ।



आज धनुषाको हंसपुर नगरपालिका–३ मलहनियामा आयोजित एक कार्यक्रमका बीच मधेस प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री गोविन्दबहादुर न्यौपानेले खोप अभियान शुभारम्भ गरे।

त्यस अवसरमा मन्त्री न्यौपानेले भेडापालनलाई व्यावसायिक बनाई किसानको दिगो जीविकोपार्जनमा सघाउ पुग्नेगरी सरकारले आवश्यक कार्यक्रम अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे। उनले व्यवसायको विविधीकरण गरी भेडाबाट मासु र राडीपाखी बनाउने उद्योग सञ्चालन गर्ने सोचसहित अगाडि बढ्ने किसानलाई सरकारले सहयोग गर्ने कुरा बताए।

"जलवायु परिवर्तन, युवाहरूको पलायन र आधुनिक प्रविधिको अभावमा विशेषगरी भेडापालन व्यवसाय लोपोन्मुख अवस्थामा छ। त्यसको जगर्नेका लागि किसानहरू जागरूक भएमा आर्थिक तथा प्राविधक सहयोग गर्न सरकार तयार छ। यसमा तीनै तहका सरकारले समन्वय गरेर कार्यक्रम अगाडि बढाउन सकिन्छ"–मन्त्री न्यौपानेले भने।

त्यस्तै, हंसपुर नगरपालिका प्रमुख प्रदीपकुमार यादवले स्थानीय किसानका समस्या समाधान गर्न नगरपालिकाले प्रदेश सरकारसँग मिलेर काम गर्ने बताए। उनले भेडा तथा बाख्रापालनजस्तो पुर्ख्यौली पेशामा लागेका किसानलाई प्रोत्साहनका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा विशेष व्यवस्था गर्नेसमेत आश्वासन दिए।

कार्यक्रममा मन्त्रालयका सचिव डा शरणकुमार पाण्डेले मधेस प्रदेशका आठ जिल्लाका सात लाख ९२ हजार भेडा तथा बाख्रामा खोपलगाउने लक्ष्यसहित अभियान शुरू गरिएको बताए। डा पाण्डेले मधेसका जिल्लामा 'किसान पहिले' भन्ने नीतिका साथ किसानको आवश्यकता पहिचान गरी अरू कार्यक्रम पनि अगाडि बढाउने तयारी भइरहेको र पहिलो चरणमा भेडा तथा बाख्रामा रोग नियन्त्रण गर्न खोप अभियान शुरू भएको जानकारी दिए।

कार्यक्रममा भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र धनुषाका प्रमुख डा सञ्जीवकुमार ठाकुरले अभियानका क्रममा धनुषाका १८ वटै स्थानीय तहका ९३ हजार भेडा तथा बाख्रामा खोप लगाउने लक्ष्यसहित ६४ जना प्राविधिक परिचालन गरिएको जानकारी दिए।

त्यसैगरी गाईभैंसीमा लाग्ने खोरेत रोग नियन्त्रणका लागि ५९,४०० गाई भैंसीमा खोप लगाउने अभियान पनि सँगसँगै चलिरहेको डा ठाकुरले बताए।

पिपिआर बाख्रा तथा भेडामा लाग्ने एक प्रकारको महामारी रोग हो। यो रोग लागेपछि नाकबाट सिंगान बग्ने, ज्वरो आउने, छेर्ने, खोक्नेजस्ता समस्या हुने गर्छ। अत्यधिक सङ्क्रामक यस रोगको समयमैं रोकथाम गरिए भने एक सयमध्ये करीब ९० जतिको ज्यान जाने जोखिम रहेको र त्यो रोकथामको उपाय खोपमात्रै भएको डा ठाकुरको भनाइ छ।

त्यस अवसरमा स्थानीय किसानले सरकारले गोठ व्यवस्थापन, औषधोपचार, चरिचरनको अभावमा पुर्ख्यौली पेशा सङ्कटमा परेको भन्दै सरकारलाई सहयोगका लागि आग्रह गरे। हाल सवा दुई सय भेडापालन गरिरहेका स्थानीय रामकिशोर राउत पालले सरकारले सहयोग गरेमा पुर्ख्यौली पेशा संरक्षणका लागि थप उत्साहित भएर लाग्ने बताए।

"भेडा मुख्यगरी देउतालाई चढाउने हो। आम्दानी त राम्रै हुन्छ तर युवापुस्ता पलायन भइरहेको र पुरानो पुस्ताले आधुनिक प्रविधिको अभावमा धेरै लाभ लिने अवस्था नरहेकोले त्यो पेशालाई व्यावसायिकरूपमा निरन्तरता दिन सकिरहेका छैनौं। यदि सरकारले गोठ व्यवस्थापन, औषधोपचार, चरिचरनका लागि घाँसको उन्नत बीउ, रौंबाट राडीपाखी बुन्ने आधुनिक मेशीन तथा प्रविधि सहयोग गरेमा हामी सङ्गठितरूपमैं लाग्छौं"–पालले भने।

त्यस्तै स्थानीय किसान लालबिहाडी गरेडी पाल, सरोजकुमार पाललगायतले पनि खोर व्यवस्थापन, भेडाको रौं र घाँस मुख्य समस्या रहेको बताए। उनीहरूले भेडापालनसम्बन्धी तालिमको व्यवस्था गर्न पनि आग्रह गरे।



**बेमौसमी काउली टिप्दै किसान:** कृष्णपुर नगरपालिका–६ बालुवाफाँटाकी किसान महिला बारीमा रोपिएको बेमौसमी काउली टिप्दै। बालुवाफाँटाका ७० बढी परिवारले बेमौसमी काउली खेती गरेर आम्दानी गर्दै आएका छन्। तस्बिरः राजेन्द्रप्रसाद पनेरू/रासस

## नेप्से परिसूचक ओरालो लाग्यो

काठमाडौं, १ चैत/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार ओरालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक २७ दशमलव ८४ अङ्कले ओरालो लागेर दुई हजार ८० दशमलव ८७ मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ८३ अङ्कले ओरालो लागेर ३६९ दशमलव ८१ मा सीमित भएको छ। आज कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ।

कुल एक करोड १४ लाख ८३ हजार ६१७ कित्ता शेयर रु तीन अर्ब ९४ करोड ३५ लाख ९२ ३०२ मूल्यमा कारोबार भएको छ। कारोबारका आधारमा माथिल्लो तामाकोशी शीर्ष स्थानमा छ। सो कम्पनीको रु ५० करोड ८९ लाख आठ हजार ९९ बराबरको कारोबार भयो।

शिवम् सिमेन्ट रु २४ करोड चार लाख ५० हजार ५२९, सोनापुर सिमेन्ट रु १६ करोड २४ लाख ३४ हजार ८५०, गुर्खाज फाइनान्स रु १२ करोड ७६ लाख ६५ हजार ६८९ र हिमालयन रिइन्स्योरेन्स रु नौ करोड ८४ लाख १२ हजार ७१८ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

(बाँकी चौथो पातामा)

# अर्थतन्त्रमा सुधारको खाँचो

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**अहिले अर्थतन्त्रमा देखिएको मन्दी, दबाब वा आसन्न सङ्कटको मूल कारण आर्थिक स्रोतको अभाव मात्र होइन, अर्थतन्त्र व्यवस्थापनमा सरकारले प्रदर्शन गर्न नसकेको शासकीय र नियामकीय निकायहरूबीचको समन्वयको चरम अभाव एवं समस्या समाधानमा सिर्जनशील दृष्टिकोणको अभाव नै हो ।**

अर्थतन्त्र सुधारका लागि सरकारले चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमार्फत विभिन्न कार्यक्रम ल्याए पनि त्यसको कार्यान्वयन सन्तोषजनक हुन नसक्दा अर्थतन्त्रमा अपेक्षित सुधार हुन सकेको छैन। कतिपय परिसूचक नराम्रा पनि छैनन्। ब्याजदर घट्दै गएको र अर्थतन्त्रको बाह्य क्षेत्रमा पनि निरन्तर सुधार हुँदै गएको देखिन्छ। यसरी बाह्य क्षेत्रमा सुधार हुँदाहुँदै पनि आन्तरिक क्षेत्र चाहिं किन चलायमान हुन सकेको छैन ? किन लगानी बढ्न सकेन र पूँजीगत खर्च बढ्न सकेको छैन ? अर्थतन्त्र उकास्ने मनोबल किन उठ्न सकेको छैन ? यो चिन्ता र चासोको विषय हो । हुनत सरकार अर्थतन्त्र सुधारको बाटोमा लागेको दाबी गर्दै आएको छ। तर पनि सुधारको तथ्याङ्क सन्तोषजनक देखिएको छैन । चालू आर्थिक वर्षको पहिलो आठ महीना बित्दा पनि राजस्व सङ्कलन, पूँजीगत खर्च, विदेशी सहयोग तथा अनुदानप्राप्तिलगायत प्रायः सबै सूचकको प्रगति लक्ष्यभन्दा निकै कम देखिन्छ ।

चालू आर्थिक वर्षको पहिलो आठ महीना सकिनै लाग्दा अर्थात् फागुन २७ गतेसम्म सरकारी वित्त एक खर्ब २१ अर्ब रुपियाँले घाटामा छ भने पूँजीगत खर्च एक चौथाइको हाराहारी छ। लक्ष्य अनुसार राजस्व सङ्कलन हुन नसक्दा सरकारी वित्त निरन्तर घाटामा छ । उक्त अवधिमा सरकारको कुल आयप्राप्ति छ खर्ब ५४ अर्ब रुपियाँ मात्र रहेको छ। यो वार्षिक लक्ष्यको ४४.४७ प्रतिशत मात्र हो । सरकारले फागुनभित्र आठ खर्ब ६४ अर्ब रुपियाँ राजस्व सङ्कलनको लक्ष्य लिएको सो अवधिमा लक्ष्यभन्दा दुई खर्ब १३ अर्ब रुपियाँले कमी हो । आयातमा भएको कमीले भन्सार बिन्दुमा सङ्कलन हुने महसूल, मूल्य अभिवृद्धि कर एवं अन्तःशुल्क सङ्कलनमा असर परेको अर्थ मन्त्रालयले जनाएको छ। सरकारले हालसम्म कुल खर्च सात खर्ब ७५ अर्ब ४२ करोड गरेको छ। यो वार्षिक लक्ष्यको ४४.२८ प्रतिशत हो । यस वर्ष १७ खर्ब ५१ अर्ब खर्च गर्ने लक्ष्य सरकारले लिएको थियो । अहिलेसम्म चालू खर्चतर्फ पाँच खर्ब ७३ अर्ब, पूँजीगत खर्चतर्फ ७६ अर्ब ७१ करोड र वित्त व्यवस्थापनतर्फ एक खर्ब २५ अर्ब रुपियाँ रहेको अर्थ मन्त्रालयको तथ्याङ्क छ। यसरी साधारण खर्च ५० प्रतिशत भएपनि पूँजीगत खर्च २५ प्रतिशत मात्रै छ। यसैगरी, विप्रेषणमा निरन्तरको वृद्धि र आयातमा कमी आउँदा मुलुकको विदेशी मुद्रा (विनिमय) सञ्चितिले हरेक महीना बढ्दै गएको छ। गत माघसम्मको तथ्याङ्क हेर्ने हो भने मुलुकको कुल विदेशी मुद्रा (विनिमय) सञ्चिति १८ खर्ब ४४ अर्ब ९४ करोड रुपियाँ पुगेको छ। गत असारको तुलनामा यो १९.९ प्रतिशतको वृद्धि हो । गत असार मसान्तसम्म यस्तो सञ्चिति १५ खर्ब ३९ अर्ब ३६ करोड रुपियाँ बराबर थियो। २०८० असार मसान्तमा अमेरिकी डलरमा विदेशी मुद्रा सञ्चिति ११ अर्ब ७१ करोड रहेकामा गत माघ मसान्तसम्म १८.६ प्रतिशतले बढेर १३ अर्ब ८९ करोड पुगेको नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, सरकारी वित्त सुधारका लागि सरकारले चालू आर्थिक वर्षको बजेटमा ठूलो सङ्ख्यामा आयोजना र कार्यक्रम समावेश गरी स्रोत साधन छर्ने प्रवृत्तिमा सुधार ल्याउने प्रतिबद्धता गरेको थियो। तर आयोजनाको पूर्वतयारी र प्राथमिकीकरण नगरी साधनस्रोत छर्ने प्रवृत्ति कायमै छ । बजेटमा अध्ययन, जग्गाप्राप्ति, ठेक्का प्रक्रियालाई छिटोछरितो बनाइने घोषणा पनि गरिएको थियो । यस्तै सङ्घ, प्रदेश र स्थानीय तहका प्राथमिकताप्राप्त आयोजनाका लागि वनक्षेत्र प्रयोग गर्दा वन विकास कोषमा रकम जम्मा गर्नुपर्ने विद्यमान कानूनी व्यवस्था खारेज गरिने, जग्गाप्राप्ति ऐनमा संशोधन गरिने, जग्गाको मुआवजा निर्धारण प्रक्रिया वैज्ञानिक बनाउने, वास्तविक स्रोतको उपलब्धताविना नै बहुवर्षीय ठेक्काको स्रोत सहमति दिने, अनियन्त्रित प्रवृत्ति अन्त्य गरिने पनि भनिएको थियो । यसैगरी, राष्ट्रिय गौरवका आयोजनाबाहेक अन्यका हकमा स्रोत सहमतिको अवधि बढीमा तीन वर्षको रहने र स्रोत सहमति प्रदान गरेको मितिले नौ महीनाभित्र ठेक्का सम्झौता नभए सहमति स्वतः रद्द हुने पनि भनिएको थियो । आयोजना कार्यान्वयनका लागि कात्तिकभित्र ठेक्का व्यवस्थापन गरिसक्नुपर्ने, सो समयावधिमा ठेक्का प्रक्रिया अगाडि नबढेको कार्यक्रममा विनियोजित रकम रोक्का गरिने घोषणा पनि थियो । तीमध्ये अधिकांश घोषणा कार्यान्वयनमा आएनन्, कार्यान्वयन थालिकाएकालाई प्रभावकारी बनाइएन । त्यही कारण अपेक्षा गरिएअनुरूप वित्तीय सुधार हुन नसकेको अर्थविज्ञहरूको भनाइ छ ।

पूँजीगत खर्चमा अपेक्षित प्रगति नभइरहँदा साधारण खर्च भने बर्सेनि वृद्धि हुँदै गएको छ । तलबभत्ता, सामाजिक सुरक्षा, वित्तीय हस्तान्तरण, प्रशासनिक खर्चलगायत साधारण खर्च तथा बढ्दो ऋण भुक्तानी दायित्व व्यवस्थापन गर्न मात्र कुल बजेटको ७० प्रतिशतभन्दा बढी विनियोजन गर्नुपरेको छ । कुल बजेटको ठूलो हिस्सा यसरी छुट्याउनुपर्दा विकास कार्यका लागि स्रोत व्यवस्थापनमा चाप परेको छ । स्रोत साधनको समुचित परिचालनमार्फत सार्वजनिक खर्चलाई उपलब्धिमूलक बनाउने काममा सरकार असफल भएको देखिन्छ। विदेशी पूँजी र प्रविधि भित्र्याएर आर्थिक विकासमा परिचालन गर्ने सरकारको विद्यमान नीति पनि सफल हुन सकेको छैन। अहिले एकातिर प्रत्यक्ष विदेशी लगानी निरन्तर घटिरहेको छ, अर्कातिर स्वदेशी लगानीकर्ता पनि लगानी विस्तारमा उत्साहित देखिएका छैनन् । राजस्व प्रणालीमा सुधार, चुहावट नियन्त्रण र करको दायरा विस्तार गरी राजस्व परिचालन वृद्धि गर्ने घोषणाअनुरूप गृहकार्य नगर्दा राजस्व सङ्कलन लक्ष्यभन्दा कम छ । अप्रत्यक्ष एवं आयातमा आधारित राजस्वलाई क्रमशः प्रत्यक्ष एवं आन्तरिक उत्पादनमा आधारित बनाइ राजस्व संरचनामा परिवर्तन गर्ने चुनौती पनि सरकारसामु छ । सरकारी वित्तमा सुधार ल्याउन राजस्व परिचालन र पूँजीगत खर्चमा सरकारले पर्याप्त ध्यान दिनुपर्ने खाँचो त्यत्तिकै छ। पूँजीगत खर्च बढाउन भन्दै बजेटमा घोषणा गरिएका कार्यक्रमलाई अविलम्ब कार्यान्वयन गरिनुपर्छ ।

अर्थतन्त्रका बाह्य सूचकहरू सबल भइरहँदा आन्तरिक अर्थतन्त्र भने शिथिल छ । विप्रेषण आप्रवाह निरन्तर वृद्धि, शोधनान्तर स्थिति बचतमा रहे पनि उद्योग-व्यवसाय पूर्ण क्षमतामा चल्न सकेका छैनन्, पूर्वाधार निर्माणको काम ठप्प जस्तै छ, कर्जा माग छैन, निजी क्षेत्रको मनोबल कमजोर छ । वित्तीय प्रणालीमा पर्याप्त तरलता र घट्दो ब्याजदरलगायत अनुकूल अवस्था हुँदाहुँदै पनि सरकारी वित्तमा अपेक्षित सुधार देखिएको छैन । कर्जा प्रवाहको गतिमा नियन्त्रण गरिएकाले ठूलो सङ्ख्यामा युवा पलायन भएकाले तथा सार्वजनिक खर्च बढाउन नसक्दा बजारमा माग बढ्न सकेको छैन । समग्र माग नबढ्दा निजी क्षेत्रले लगानी विस्तार गर्न सकेको छैन। फलस्वरूप अर्थतन्त्र चलायमान बन्न सकेको छैन। राजस्व वृद्धि गर्न, साधारण खर्चलाई वाञ्छित सीमाभित्र राख्न, पूँजीगत खर्च बढाउन, विनियोजन दक्षता तथा कार्यान्वयन संयन्त्रको क्षमता अभिवृद्धि गर्न सरकारले पहल थालेको दाबी गर्दै आए पनि त्यसको प्रभाव कहींकतै देखिएको छैन ।

प्रत्यक्ष विदेशी लगानी निरन्तर घट्नु र स्वदेशी लगानीकर्ताले पनि थप लगानी विस्तार नगर्नुले अर्थतन्त्रमा समस्या देखिएको हो। प्राप्त एक सर्वेक्षणले अहिले पनि करीब ५६ प्रतिशत उद्योगी-व्यवसायीले आफ्नो लगानी योजना स्थगित गरेको देखाएको छ। लगानीमैत्री वातावरण सिर्जना गरी स्वदेशी र विदेशी लगानी विस्तार गर्न टड्कारो आवश्यकता बनेको छ। यसका लागि सार्वजनिक प्रशासनलाई व्यावसायिक, दक्ष र नतीजामुखी बनाउन सक्नुपर्छ । लगानी विस्तारका लागि सरकारले उद्योगी-व्यवसायीलाई प्रोत्साहन गर्नुपर्छ। जायज नाफा सुनिश्चित नभएसम्म निजी क्षेत्रको लगानी नबढ्ने भएकाले उनीहरूलाई प्रोत्साहन गर्न पनि शुरूमा सरकार आफैंले लगानी बढाउनुपर्छ । यसका लागि सरकारले वैदेशिक अनुदान र सहयोग परिचालन गर्न सक्छ भने नेपाल राष्ट्र बैंकबाट 'ओभरड्राफट' लिएर पनि पूर्वाधार निर्माणमा लगानी बढाउन सक्छ। ओरालो लाग्दो सरकारी वित्तका कारण आन्तरिक अर्थतन्त्रको शिथिलता कायमै रहे पनि बढ्दो विप्रेषण र घट्दो आयातले निरन्तररूपमा शोधनान्तर बचत र चालू खाता बचतमा छन् । यसरी बाह्य क्षेत्र बलियो रहेको बेला आन्तरिक अर्थतन्त्रको शिथिलता चिर्न सरकारले ठूलो मात्रामा पूँजीगत खर्च बढाउनुपर्ने देखिन्छ ।

अहिले अर्थतन्त्रमा देखिएको मन्दी, दबाब वा आसन्न सङ्कटको मूल कारण आर्थिक स्रोतको अभाव मात्र होइन, अर्थतन्त्र व्यवस्थापनमा सरकारले प्रदर्शन गर्न नसकेको शासकीय र नियामकीय निकायहरूबीचको समन्वयको चरम अभाव एवं समस्या समाधानमा सिर्जनशील दृष्टिकोणको अभाव नै हो । आयातमा निर्भर राजस्वको विकल्प पनि अर्थतन्त्रको पुनर्संरचनासँगै गर्नु आवश्यक छ। अब जलवायु परिवर्तन, उपभोक्ताको बदलिंदो रुचि, बढ्दो डिजिटल कारोबार आदिले नाटकीय गतिमा रूपान्तरण गरिरहेको अर्थतन्त्रको स्वरूप र आर्थिक अन्तर्क्रियाको परिवेश अनुसार राजस्व प्रशासन र सिङ्गो विकासको मोडललाई कसरी समयसापेक्ष एवं मुलुक-सान्दर्भिक बनाउने भन्ने राष्ट्रिय बहस राजनीतिक, प्राज्ञिक वा व्यावसायिक कुनै वृत्तबाट पनि आरम्भ भएको छैन । कम्तीमा सरकारले त अब यस दिशामा काम थाल्नुपर्छ ।



**कर्णाली पुलको परीक्षण**: आगलागीबाट क्षतिग्रस्त एशियाको नमूना कर्णाली पुलको परीक्षण गर्दै सडक विभाग नेपालगंज र पुल महाशाखा काठमाडौंको विज्ञ टोली । पुलमाथि गुड्दै गरेको ट्रकमाथि सोमवार साँझ आगलागी हुँदा कर्णाली पुलको १४ सपोर्ट तारमा आंशिक क्षति पुगेको छ । हाल उक्त पुल बन्द गरिएको छ । तस्बिरः देवानन्द न्यौपाने

# सुन र चाँदीको मूल्य बढ्यो

काठमाडौं, १ चैत/रासस

नेपाली बजारमा बिहीवार सुन र चाँदी दुवैको मूल्य वृद्धि भएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आज छापावाल सुनको मूल्य प्रतितोला रु आठ सय बढेर रु एक लाख २५ हजार आठ सय कायम भएको छ । बुधवार छापावाल सुनको मूल्य प्रतितोला रु एक लाख २५ हजार थियो ।

त्यसैगरी, तेजाबी सुनको मूल्य पनि प्रतितोला रु आठ सयले वृद्धि भई हाल रु एक लाख २५ हजार दुई सय कायम भएको छ। बुधवार तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख २४ हजार चार सय थियो ।

चाँदीको पनि मूल्यमा प्रतितोला रु ५० वृद्धि भई प्रतितोला रु एक हजार ५१५ मा कारोबार भइरहेको महासङ्घले जनाएको छ ।

अन्तर्राष्ट्रिय बजारमा सुन र चाँदीको मूल्यमा भएको सामान्य गिरावटसँगै त्यसको असर नेपाली बजारमा पनि देखिएको हो ।

# ठूलो सङ्ख्यामा माछाका भुरा उत्पादन गर्दै मत्स्य विकास केन्द्र

चितवन, १ चैत/रासस

मत्स्य विकास केन्द्र, भण्डाराले चालू आर्थिक वर्षमा ठूलो सङ्ख्यामा माछाका भुरा उत्पादन गर्नेगरी काम अघि बढाएको छ ।

केन्द्रले यस वर्ष विभिन्न आठ जातका सात करोड २१ लाख माछाका भुरा उत्पादन गर्ने योजनाका साथ काम गरिरहेको छ ।

कार्यालयका प्रमुख माधवप्रसाद दाहालका अनुसार ह्याचरी गरिएका, फिसिङ र फ्राइ साइजका भुरा बिक्री गर्ने लक्ष्य लिएको छ । दुईदेखि तीन दिनसम्मका (ह्याच गरिएका) छ करोड ५० लाख, फ्राइ साइज (एक महीना हुर्काइएका)का ६५ लाख र फिङ्गर (दुईदेखि तीन महीनासम्म हुर्काइएका) छ लाख माछाका भुरा बिक्री गर्नेगरी काम गरिएको उनले बताए । उनले भने, "हामीले लक्ष्यभन्दा धेरै माछाका भुरा उत्पादन गरेर बिक्री वितरण गर्दै आएका छौं । यस वर्ष पनि बढी नै उत्पादन गर्ने योजना छ ।"

मौसममा आएको परिवर्तनका कारण यस वर्ष भुरा उत्पादनमा केही ढिलाइ भएको भएपनि किसानलाई आवश्यकता अनुसारका भुरा उत्पादनमा केन्द्र लागेको उनले बताए । उनले थपे, "गत वर्षहरूमा फागुन अन्तिम साताबाट भुरा बिक्री वितरण शुरू हुन्थ्यो भने अहिले चैतको पहिलो सातादेखि शुरू गर्ने योजनामा छौं। केही दिनभित्रै बिक्री शुरू गरिंदैछ ।"

केन्द्रले २२ बिघा क्षेत्रफलमा माछाका भुरा उत्पादन गरी बिक्री गर्दै आएको छ। ३६ वटा पोखरीमध्ये ३५ वटा पोखरीमा भुरा उत्पादन हुँदै आएको केन्द्रले जनाएको छ ।

यहाँ उत्पादित माछाका भुरा चितवन, बारा, पर्सा, तनहुँ, नवलपुर, लमजुङ, कास्कीसहित २२ जिल्लाका किसानलाई बिक्री वितरण गरिंदै आइएको छ । जिल्लामा एक हजार एक सय हेक्टर क्षेत्रफलमा माछा पालिंदै आएको छ । एक हेक्टरमा १५ हजार माछाका भुरा आवश्यक पर्ने भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका मत्स्य अधिकृत भीमदत्त भट्टको भनाइ छ ।

उनका अनुसार जिल्लाबाट वार्षिक चार हजार पाँच सयदेखि पाँच हजार मेट्रिक टन माछा उत्पादन हुँदै आएको छ।

**नेप्से ...**

नेप्सेका अनुसार वीन नेपाल लघुवित्त र मानुषी लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। गुराँस लघुवित्त नौ दशमलव ९२, गुर्खाज फाइनान्स आठ दशमलव शून्य आठ र कर्णाली डेभलपमेन्ट बैंकका लगानीकर्ताले सात दशमलव ७१ प्रतिशतले कमाएका छन् ।

यस्तै, स्वाभिमान लघुवित्त छ दशमलव शून्य दुई, जाल्पा सामुदायिक लघुवित्त पाँच दशमलव ६६, देउराली लघुवित्त पाँच दशमलव ३१, लाइफ इन्स्योरेन्स कर्पोरेशन पाँच दशमलव २० र एनआइसी एशिया लघुवित्तका लगानीकर्ताले पाँच दशमलव १३ प्रतिशतले गुमाएका छन् ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम सम्पर्क नं. आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की-१०
३. डा. आनन्दकुमार झा ०५१-५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. (श्रीमती) निकु मण्डल, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

## अन्तर्राष्ट्रिय समाचार

# चिनियाँ उत्पादनको मूल्यवृद्धि



चीनमा स्टीलको पाइप बनाउने कारखानामा काम गर्दै मजदूर । तस्वीरः एजेन्सी

बेइजिङ, १ चैत/सिन्ह्वा

चीनको तथ्याङ्कीय अधिकारीहरूले अनुगमन गरेका अधिकांश पूँजीगत वस्तुमा फेब्रुअरीको अन्त्यको तुलनामा मार्चको शुरूमा उच्च मूल्य देखिएको सरकारी तथ्याङ्कले बिहीवार देखाएको छ ।

स्टील ट्युब, पेट्रोल, कोइला, मल र केही रसायनसहित नौ श्रेणीमा वर्गीकरण गरिएका ५० प्रमुख वस्तुमध्ये २७ वस्तुमा यस अवधिमा उच्च मूल्य देखिएको, २१ वस्तुको मूल्य घटेको र दुई उत्पादनको मूल्य यथावत् रहेको राष्ट्रिय तथ्याङ्क विभागले जनाएको छ।

यस अवधिमा सुङ्गुरको मासुको मूल्य ४.४ प्रतिशतले बढेको तथ्याङ्कले देखाएको छ । हरेक १० दिनको अन्तरालमा सार्वजनिक हुने यो तथ्याङ्क देशभरका ३१ वटा प्रान्तीयस्तरका क्षेत्रका करीब दुई हजार थोक विक्रेता तथा वितरकको सर्वेक्षणमा आधारित छ। रासस

# चिनियाँ विदेशमन्त्री वाङले आगामी हप्ता अस्ट्रेलिया भ्रमण गर्ने

सिडनी, १ चैत/एएफपी

चीनका विदेशमन्त्री वाङ यी अर्को हप्ता अस्ट्रेलियाको भ्रमण गर्ने भएका छन्। सन् २०१७ पछि चिनियाँ विदेशमन्त्री वाङ उच्चपदस्थ अधिकारीका रूपमा अस्ट्रेलिया भ्रमण गर्ने पहिलो व्यक्ति हुन्। मानव अधिकार र प्रशान्त क्षेत्रमा चीनको बढ्दो कूटनीतिक तथा सैन्य प्रभाव भएपनि उनको भ्रमण दुई देशबीच सहज व्यापारिक सम्बन्ध स्थापनाका लागि हुन लागेको हो ।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले व्यापार अवरोध हटाउन 'उल्लेखनीय प्रगति' भएको उल्लेख गर्दै बिहीवार पत्रकारहरूसँग भने–"मलाई लाग्छ वाङ यीले अस्ट्रेलिया भ्रमणलाई महत्त्व दिनु राम्रो कुरा हो ।"

चिनियाँ विदेशमन्त्रीले मार्च २० मा क्यानबेरामा विदेशमन्त्री पेनी वोङसँग 'रणनीतिक वार्ता' गर्ने कार्यक्रम छ ।

"हामी चीनसँग जहाँ सक्छौं, त्यहाँ सहकार्य गर्न चाहन्छौं, जहाँ आवश्यक छ त्यहाँ असहमत हुन चाहन्छौं र हाम्रो राष्ट्रिय हितमा संलग्न हुन चाहन्छौं"– वोङले एक विज्ञप्तिमार्फत जानकारी गराए। "यदि हामीले हाम्रा मतभेदहरूको विवेकपूर्ण ढङ्गले मार्गनिर्देश गर्‍यौं भने स्थिर द्विपक्षीय सम्बन्धले दुवै देशलाई आआफ्नो राष्ट्रिय हित अगाडि बढाउन सक्षम बनाउँछ भन्ने अस्ट्रेलियाको धारणा हो।" सन् २०२२ मा अल्बानिजको मध्य–वामपन्थी लेबर पार्टीले सरकारको नेतृत्व गरेपछि अस्ट्रेलियाको चीनसँग व्यापार सम्बन्धमा सुधार आएको छ ।

क्यानबेराले हुवावेलाई फाइभजी सम्झौतामा प्रतिबन्ध लगाएपछि चीनले सन् २०२० मा अस्ट्रेलियाका प्रमुख निर्यातमा थप कर लगाउँदै सहज व्यापारको वातावरणमा अवरोध ल्याएको थियो ।

बेइजिङले यस अघि नै अस्ट्रेलियाली कोइला, काठ र जौमा कर र प्रतिबन्धहरू हटाइसकेको छ र यसले अस्ट्रेलियाली वाइनमा लगाएको प्रतिबन्ध पनि हटाउने अपेक्षा गरिएको छ ।

मेलबर्नस्थित ट्रेजरी वाइन एस्टेट्सले यसै साता चिनियाँ र अस्ट्रेलियाली अधिकारीहरूले पाँच महीनाको समीक्षापछि वाइनको शुल्क हटाउने बेइजिङको 'अन्तरिम मस्यौदा सङ्कल्प' बारे सुझाव दिएको बताएको छ ।

यसले 'आगामी हप्ताहरूमा' अन्तिम निर्णयको अपेक्षा गरेको छ ।

सन् २०२३ को नोभेम्बरमा अल्बानिजले बेइजिङको सफल भ्रमण गरेका थिए र दुई देशबीचको सम्बन्धमा भएको प्रगतिलाई 'धेरै सकारात्मक' भनेका थिए ।

तर रणनीतिक क्षेत्रमा भने दुई देशबीच मतभेद कायमै छ ।

गत महीना अस्ट्रेलिया सरकारले चिनियाँ मूलका अस्ट्रेलियाली विद्रोही लेखक याङ जुनलाई मृत्युदण्डको सजाय सुनाएपछि आक्रोश व्यक्त गरेको थियो।

यस सन्दर्भमा वोङले भनेका थिए–"यस्ता निर्णयहरूले सम्बन्धमा 'प्रभाव पार्नेछ' ।"

अस्ट्रेलिया र उसका सहयोगीहरू दक्षिण प्रशान्त क्षेत्रमा चीनको विस्तारित पहुँच रोक्न खोजिरहेका छन्।

बेइजिङले सन् २०२२ मा सोलोमन आइल्यान्ड्ससँग गोप्य सुरक्षा सम्झौता गरेपछि क्यानबेरा र वाशिङ्टनले चीनको तीव्र आलोचना गरेका थिए ।

अस्ट्रेलियाले दक्षिण चीन सागरमा बेइजिङको सार्वभौमिकताको दाबीको विरोध गर्न अमेरिका र यस क्षेत्रका एशियाली देशहरूलाई पनि समर्थन गर्छ।

वाइनबाट चिनियाँ शुल्क हट्यो भने अस्ट्रेलियाली पराल र गाईको मासुमा मात्र प्रतिबन्ध कायम रहनेछ। रासस

# टिकटकमाथि प्रतिबन्ध लगाउने विधेयक अमेरिकी सदनबाट पारित

वाशिङ्टन, १ चैत/एएफपी

टिकटकले उसको चिनियाँ मूल कम्पनीसँग सम्बन्ध विच्छेद गर्न वा संयुक्त राज्य अमेरिकामा प्रतिबन्धको सामना गर्नुपर्ने विधेयक अमेरिकी संसद्को तल्लो सदन हाउस अफ रिप्रेजेन्टेटिभ्सबाट बुधवार पारित भएको छ।

भिडियो शेयरिङ गर्न मिल्ने चिनियाँ एप टिकटकका लागि यो कानूनले ठूलो धक्का दिने विश्लेषकहरूले बताएका छन्।

टिकटकले विश्वभर लोकप्रियतामा वृद्धि गरेको छ तर यसको चिनियाँ स्वामित्व र बेइजिङमा कम्युनिस्ट पार्टीको सम्भावित अधीनस्थताले विश्वासमा चिन्ता पैदा गरेको छ ।

टिकटकका विषयमा राजनीतिकरूपमा विभाजित वाशिङ्टनमा एकताको दुर्लभ क्षण सिर्जना भएको छ। सांसदहरूले प्रस्तावित कानूनको पक्षमा ३५२ र विपक्षमा ६५ मत दिएका छन्।

रिपब्लिकन र डेमोक्रेट दुवैले चुनावी वर्षमा टिकटकका भावुक युवा प्रयोगकर्ताहरूको क्रोधको जोखिम उठाएपछि एप प्रयोगको विपक्षमा आएको चेतावनीले धेरैलाई आश्चर्यचकित पारेको छ । अमेरिकी निर्वाचनमा युवाहरूको भावना र भूमिका महत्त्वपूर्ण मानिन्छ।

अमेरिकी प्रतिनिधिसभाका सभामुख माइक जोनसनले मतदानपछि भने–"आजको मतदानमा द्विदलीय एकताले चीनले अमेरिकीहरूमाथि जासूसी गर्ने र छलछाम गर्ने प्रयासको विरोध गरेको देखाउँछ र हाम्रा शत्रुहरूलाई रोक्ने हाम्रो सङ्कल्पलाई सङ्केत गर्छ ।"

उनले भने–"म सिनेटलाई पनि यो विधेयक पारित गर्न र राष्ट्रपतिलाई पठाउन आग्रह गर्छु, जसले उहाँले यसलाई कानूनको रूपमा मान्यता दिन हस्ताक्षर गर्न सक्नुहुनेछ ।"

यो विधेयकको भविष्य सिनेटमा अनिश्चित रहेको छ। सिनेटमा १७ करोड अमेरिकी प्रयोगकर्ताहरूले प्रयोग गर्दै आएको एपविरुद्ध कठोर कदम चाल्नेबारे अझै केही अमेरिकी विधायक अनिर्णित र केही पक्षमैं देखिन्छन्।

अमेरिकी राष्ट्रपति जो बाइडनले 'प्रोटेक्टिङ अमेरिकन्स फ्रम फरेन एड्भर्सरी कन्ट्रोल्ड एप्लिकेशन एक्ट' नामक विधेयकमा हस्ताक्षर गर्ने ह्वाइट हाउसले जनाएको छ ।

"यो प्रक्रिया गोप्य थियो र विधेयकलाई एउटा कारणले जाम गरिएको थियो, यो प्रतिबन्ध हो"– टिकटकका प्रवक्ताले एक विज्ञप्तिमा भनेका छन्।

"हामी आशावादी छौं, सिनेटले तथ्यहरूमा विचार गर्नेछ, उनीहरूका घटकहरूलाई सुन्नेछ र ७० लाख साना व्यवसाय र हाम्रो सेवा प्रयोग गर्ने १७ करोड अमेरिकीहरूसँगको प्रभाव र अर्थव्यवस्थामा पर्ने असर महसूस गर्नेछ।

मतदानपछि टिकटकका प्रमुख कार्यकारी अधिकृत शो जी च्यूले संयुक्त राज्य अमेरिकामा एपका प्रयोगकर्तालाई आफ्ना सिनेटरहरूसहित आफ्ना कथाहरू बोल्न र साझा गर्न आग्रह गरेका थिए ।

सामाजिक सञ्जाल एक्समा पोस्ट गरिएको एक भिडियोमा उनले भने–"हामी यो अद्भुत प्लेटफर्मको सुरक्षाका लागि हाम्रो कानूनी अधिकारको प्रयोगसहित सबै कार्य जारी राख्नेछौं ।"

"हामीलाई विश्वास छ हामी (टिकटक र यसका प्रयोगकर्ता) मिलेर यस अवरोधको अवस्था पार गर्न सक्छौं। आफ्नो संवैधानिक अधिकारको रक्षा गर्नुहोस् । तपाईंहरू आफ्ना आवाज अमेरिकी जनता र विश्वसामु सुनाउन कानूनी सङ्घर्ष जारी राख्नुहोस् ।"

सिनेटमा विधेयक पारित गर्न सिनेट नेता चक शुमरको समर्थन आवश्यक रहेको छ। उनले विधेयक सदनबाट पारित भएपछि मात्र सिनेटले कानूनको 'समीक्षा' गर्नेछ बताएका छन्।

टिकटकको मूल कम्पनी बाइट डान्सले १८० दिनभित्र एप बिक्री गर्न वा अमेरिकामा एप्पल र गूगल एप स्टोरबाट प्रतिबन्धित बन्नुपर्नेछ। रासस



**माता सीताको डोलाः** १५ दिने माध्यमिकी परिक्रमाका यात्रीहरू आज महोत्तरी सदरमुकाम जलेश्वरमा माता सीता (किशोरीजी)को डोला लिएर आएको दृश्य । तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

# कुष्ठरोगको उपचार र औषधि निश्शुल्क पाइन्छ

प्रस, जीतपुर, १ चैत/

गैरसरकारी संस्थाको सहयोगमा नेपाल कुष्ठरोग निवारण कार्यालय, बाराले एक दिने कुष्ठरोग एवं सुरक्षा, संरक्षण विषयक कार्यक्रम बुधवार सिमरामा सम्पन्न गरेको छ ।

कार्यक्रममा सहभागी पत्रकारहरूलाई डा प्रकाश पौडेल, आयोजक संस्थाका रामहरि रेग्मीले कुष्ठरोगबारे विस्तृत जानकारी दिनुका साथै यसबारे आआफ्नो कार्यक्षेत्रमा जानकारी दिन आग्रह गरे ।

कुष्ठरोगको पहिचान तथा उपचारबारे जानकारी दिँदै वक्ताहरूले पहिले कुष्ठरोगीलाई गाउँघरबाट निकाला गरिन्थ्यो तर अहिले यस रोगको उपचार हुने भएकोले लापरवाही नगर्न आग्रह गरे। उनले कुष्ठरोगीले स्थानीय स्वास्थ्य चौकीमा गएर निश्शुल्क उपचार तथा औषधि सेवन गर्न सुझाव दिए ।




तस्वीरः प्रतीक

## अवैध सामान नियन्त्रण

प्रस, वीरगंज, १ चैत/

जिल्ला प्रहरी कार्यालय, बाराले एक करोड १८ लाख मूल्य बराबरका विभिन्न सामान बरामद गरी राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाएको छ ।

इलाका प्रहरी कार्यालय, जीतपुरले बिहीवार जीतपुरसिमरा उपमहानगरपालिका–७ बाट वीरगंजबाट बाँके जाँदै गरेको ना.६ख ६५१३ नम्बरको ट्रकबाट एक करोड १७ लाख ५३ हजार मूल्य बराबरका सामान नियन्त्रणमा लिएको छ ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – भाग्योदय |
| मिथुन – बेचैनी | कर्कट – मनोरञ्जन |
| सिंह – कर्मप्राप्ति | कन्या – प्रगति |
| तुला – रोगभय | वृश्चिक – यात्रालभ |
| धनु – शत्रुपराजय | मकर – सुसमाचार |
| कुम्भ – मित्रमिलन | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# नेपाल रेलवे माविमा बिदाइ कार्यक्रम



तस्वीरः प्रतीक

नितेश कर्ण, वीरगंज, १ चैत/

नेपाल रेलवे माविमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको बिदाइ कार्यक्रम बुधवार सम्पन्न भएको छ।

कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूले कक्षा १० का विद्यार्थीहरूलाई बिदाइ गरेका थिए । प्रअ प्रभु रौनियारको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष जवाहरप्रसाद गुप्ताले विद्यालयको विकासमा सबैजनाले सहयोग गर्नुपर्ने बताए। उनले विद्यालयलाई सक्दो सहयोग गर्ने बताए । विद्यालयमा नियमित र इक्जाम्टेड गरी ६९ जना विद्यार्थीले आगामी एसइईको परीक्षा दिने लेखापाल जगमोहन रौनियारले बताए ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विजय रौनियार, धीरज पासवान, वडा समितिका सदस्य सोनी पासवान, गीता मानन्धरलगायतको सहभागिता थियो। कार्यक्रमको सञ्चालन प्रअ मनोज यादवले गरेका थिए ।

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



पर्साको विन्ध्यवासिनी गाउँपालिका–१ को आर्थिक सहयोगमा बहुअर्वाभाठामा निर्माण गरिएको ट्राफिक पोस्ट उद्घाटन कार्यक्रममा सहभागीहरू । तस्वीरः नितेश कर्ण

# सिंचाइमा जल उपभोक्ता समिति गठनको लागि प्रक्रिया शुरू

प्रस, परवानीपुर, १ चैत/

नारायणी सिंचाइ व्यवस्थापन कार्यालय गण्डक डिभिजन अन्तर्गत गण्डक नहरका १५ वटा ब्लकमध्ये दुईवटा ब्लकमा मात्र जल उपभोक्ता समिति सक्रिय छ। बाँकी १३ वटा समिति निष्क्रिय छ ।

पर्साको २ र बाराको १० नम्बर ब्लकमा मात्र समिति सक्रिय छ। बाँकी अन्यमा समिति निष्क्रिय रहेको बुझिएको छ । निष्क्रिय समितिलाई निर्वाचन गराएर सक्रिय बनाउन जल उपभोक्ता समिति गठन प्रक्रिया शुरू भएको छ। यसै विषयमा नारायणी सिंचाइ व्यवस्थापन कार्यालयले बिहीवार सरोकारवालाको सहभागितामा अन्तर्क्रिया सम्पन्न गरेको छ।

पर्साका १, ४, ५ र बाराका ७, ८,



९ गरी छवटा ब्लकमा निर्वाचन प्रक्रिया अघि बढाउने निर्णय भएको अन्तर्क्रियामा सहभागीहरूले बताएका छन् । समिति सक्रिय नरहँदा पानी बाँडफाँड, पानी पोत उठाउन समस्या, कुलो नहरको मरम्मत, संरक्षणलगायतका काम हुँदैनन्। ८१ किलोमिटर लम्बाइको गण्डक नहरमा १५ वटा ब्लक, १६ वटा एमएसी (मेन सेकेन्ड्री क्यानल) र दर्जनौं सङ्ख्यामा बिएससी (ब्रान्ड सेकेन्ड्री क्यानल), एसएससी (सबसेकेन्ड्री क्यानल) र सयौंको सङ्ख्यामा टिसी (टर्सरी क्यानल) रहेका छन् ।

ती सबैका सेवासुविधा सहजरूपमा प्रदान गर्नको लागि ब्लकमा जल उपभोक्ता समितिलाई सक्रिय बनाउनुपरेकोले निर्वाचन प्रक्रिया अगाडि बढाउने निर्णय भएको नारायणी सिंचाइ व्यवस्थापन कार्यालयका सङ्गठनकर्ता मिश्रीलाल यादवले बताए ।

कार्यालय प्रमुख मनोरञ्जन सिंहको अध्यक्षतामा भएको अन्तर्क्रिया कार्यक्रममा सूचना अधिकारी इन्जिनीयर सुरेशप्रसाद साह, पर्साका शैलेन्द्रकुमार यादव, धर्मेन्द्र पटेल, सोनालाल पटेल, बाराबाट बङ्काबहादुर महतो, राधेश्याम साह, ब्रह्मदेव यादवलगायत किसान प्रतिनिधिहरूको सहभागिता थियो ।

# दादुरा–रुबेला खोपबारे अभिमुखीकरण

प्रस, सिम्रौनगढ, १ चैत/

दादुरा–रुबेला खोप अभियानसम्बन्धी



पालिका समन्वय समितिको एक दिने अभिमुखीकरण कार्यक्रम बिहीवार सिम्रौनगढ नगरपालिकाको सभाकक्षमा सम्पन्न भएको छ ।

सिम्रौनगढ नपा–१ का अध्यक्ष दिनदयाल मुखियाको अध्यक्षतामा भएको कार्यक्रममा दादुरा–रुबेला रोगको लक्षण, बच्ने उपाय र खोपबारे जानकारी गराइएको थियो । कार्यक्रममा स्वास्थ्य संयोजक विजयशङ्कर ठाकुर र पचरौता नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सुरेन्द्र प्रसादले नौ महीनादेखि १५ वर्षसम्मका बालबालिकालाई दादुरा–रुबेला खोप लगाउन जोड दिएका थिए ।


## उपभोक्ताप्रति सचेत बनौं

- खाद्य पदार्थमा कम गुणस्तरको खाद्य पदार्थ वा अन्य अखाद्य पदार्थ मिसावट गर्न,
- अनुचित व्यापारिक क्रियाकलाप गर्न,
- वस्तु वा सेवाको वास्तविक गुणस्तर, नापतौल, मूल्य आदि ढाँटेर वा झुक्याएर बिक्री वितरण गर्न,
- एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप गर्न गराउन,
- एउटै वा एकै किसिमको वस्तु वा सेवा दिने व्यक्ति तथा कम्पनी मिलेर बजारमा एकाधिकार गर्न,
- अरूको उत्पादनलाई बजार प्रवेशमा रोक लगाउन,
- मिलेमतोमा महँगो मूल्य निर्धारण गर्न पाइँदैन/हुँदैन ।

यस्ता कार्य दण्डनीय भएकाले त्यस्तो गरेको पाइएमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

# आठजनाको मृत्यु, सबैको सनाखत

टक्सार (भोजपुर), १ चैत/रासस

धरानबाट भोजपुर घोरेटारतर्फ जाँदै गरेको यात्रीवाहक जीप दुर्घटनामा मृत्यु हुनेको सङ्ख्या आठ पुगेको छ । घटनास्थलमा नै सातजनाको मृत्यु भएको थियो भने थप एकजनाको धरानमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय, भोजपुरका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक सुदीपराज पाठकका अनुसार मृतक सबैको सनाखत भएको छ ।

धरानबाट भोजपुरको दक्षिणतर्फ आउँदै गरेको को.१ज २५९३ नम्बरको जीप आज बिहान १०:३० बजेतिर उदयपुरको बेलका–७ मैनामैनीमा दुर्घटना भएको थियो। जीपमा क्षमताभन्दा बढी यात्री सवार रहेको देखिएकाले दुर्घटना भएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ ।

दुर्घटनामा परी गम्भीर घाइते भएकालाई उद्धार गरी उपचारका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको छ। इलाका प्रहरी कार्यालय, घोरेटारबाट सातजना र हसनपुरबाट पाँचजना गरी १२ जना प्रहरीको टोलीलाई तत्काल घटनास्थलमा पठाएर उद्धारको व्यवस्था मिलाइएको प्रनाउ पाठकले जानकारी दिए ।

# खेलकूदको संसार

## मुस्ताङमा तोरन्ल गोल्डकप

म्याग्दी, १ चैत/रासस

मुस्ताङको थासाङ गाउँपालिका–४ घाँसामा बिहीवारदेखि १२औं केन्द्रीय तोरन्ल गोल्डकप अन्तरक्षेत्रीय तारो खेल्ने (आर्चरी) प्रतियोगिता शुरू भएको छ। थकाली सेवा समिति नेपालको आयोजना र घाँसा क्षेत्रको आतिथ्यमा तीन दिनसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा देशका विभिन्न ठाउँका २९ समूहका २३२ खेलाडी सहभागी छन् ।

एउटा समूहमा सातजना खेलाडी रहनेछन् । प्रतियोगितामा प्रतिस्पर्धा गर्ने सबै थकाली समुदायका खेलाडी हुन् । थकाली समुदायको पौराणिक तारो हान्ने खेलको संरक्षण, खेल पर्यटनको विकास र प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित प्रतियोगिताको आज प्रतिनिधिसभा सदस्य योगेश गौचन थकालीले उद्घाटन गरे ।

समितिले प्रत्येक तीन/तीन वर्षमा तोरन्ल गोल्डकप आयोजना गर्दै आएको छ। प्रतियोगिता सञ्चालन गर्न समितिले तीन वर्षअघि रु ५१ लाखको अक्षयकोष स्थापना गरेको थियो। प्रतियोगिताका विजेताले सुनको पाँच तोलाको मेडल, रनिङ शिल्ड, कप र रु एक लाख पुरस्कार पाउनेछन् । दोस्रो, तेस्रो र सान्त्वना हुनेले क्रमशः रु ५० हजार, रु २५ हजार र रु १० हजार पुरस्कार पाउने थकाली सेवा समितिका अध्यक्ष गजेन्द्र तुलाचनले जानकारी दिए। सर्वोत्कृष्ट धनुषकर, विशिष्ट धनुषकर, अनुशासित टोली, ज्येष्ठ र कम उमेरका खेलाडीलाई समेत नगद तथा प्रमाणपत्र प्रदान गरिने उनले बताए ।

प्रतियोगिताको उद्घाटन गर्दै प्रतिनिधिसभा सदस्य गौचन, प्रदेशसभा सदस्य विकल शेरचन र विमला गौचनले थकाली समुदायको भाषा, कला, संस्कृति र संस्कारको संरक्षणमा जोड दिए। मुस्ताङ उद्गम थलो भएका थकाली समुदायले तारो खेललाई मौलिक परम्परा मान्छन् । परापूर्वकालमा खेतीबाली लगाएर थन्क्याएपछि मनोरञ्जनका लागि तारो खेल्ने चलन थियो । तारो खेलमा बाँसको धनुषबाण र जरबुटाको तीर हुन्छ । करीब डेढ सय मिटर वारिपारि राखिएका दुईवटा फल्याकमा तीर हान्ने गरिन्छ ।

जुन समूहले धेरैपटक फल्याकमा तीर हान्छ, उसैले प्रतियोगिता जित्ने गर्छ। फल्याकको बीचमा राखिने गोलो आकारको सानो भागमा तीर कोपेपछि गोल भएको मानिन्छ । प्रतियोगिताको उद्घाटन हुनुपूर्व थकाली समुदायको जातीय पहिचान झल्कने झाँकी र बाजागाजासहित घाँसा बजार परिक्रमा गरिएको थियो ।

# पाना पेपरको विवाद सल्टिएन

प्रस, परवानीपुर, १ चैत/

वीरगंज–२१ परवानीपुरमा सञ्चालित पाना पेपर वर्क्समा व्यवस्थापन पक्ष र मजदूरबीच उत्पन्न विवाद साम्य भएको छैन ।

दुई महीनाको अवधिमा आठजना मजदूरलाई हटाएपछि मजदूरहरूले धर्ना शुरू गरेका थिए । निष्कासित मजदूरहरूको पुनर्बहाली र श्रम ऐन अनुसार सेवासुविधा उपलब्ध गराउनुपर्ने माग गर्दै उनीहरूले मूलगेटमा टेन्ट र ब्यानर झुन्डाइ धर्ना दिंदै आएका छन् ।

व्यवस्थापन पक्षले उद्योग सञ्चालनमा असर नगर्ने गरी विरोधका कार्यक्रम गर्न आग्रह गरेको थियो । मङ्गलवार मजदूर र व्यवस्थापन पक्षबीच झडपको अवस्था सिर्जना हुँदा सुरक्षाकर्मीले अवस्था साम्य बनाएको थियो । व्यवस्थापन पक्षले समस्या समाधान गर्न वार्ताको लागि पहल नगरेको मजदूरहरूले आरोप लगाएका छन् । व्यवस्थापन पक्षले जबसम्म आफूहरूको माग सम्बोधन गर्दैन विरोध र आन्दोलनका कार्यक्रम जारी राख्ने मजदूरहरूले बताएका छन् । ८० जनाभन्दा बढी मजदूर काम गर्ने सो उद्योगमा २७ जना स्थायी मजदूर भएकाले नेपाली काङ्ग्रेसनिकट कारखाना श्रमिक सङ्घ एकाइ कमिटी गठन गर्न लागेको थाहा पाएपछि




व्यवस्थापन पक्षले शुरूमा छजना र पछि दुईजना गरी आठजना मजदूरलाई निकालको थियो । त्यसैगरी, आन्दोलन शुरू भएपछि केही मजदूरलाई व्यवस्थापन पक्षले हटाएको छ ।

आधिकारिक ट्रेड युनियनको विषयमा श्रम कार्यालय वीरगंजले निर्णय गर्न ढिलो गर्दा मजदूर र व्यवस्थापन पक्षबीच द्वन्द्व बढ्दै गएको मजदूर नेताको आरोप छ । श्रम कार्यालय वीरगंजका प्रमुखको उदासीनताका कारण मजदूर मर्कामा परेको आरोप लगाइएको छ। पाना पेपरको ट्रेड युनियनको विषयमा निर्णय गर्नसमेत मजदूरहरूले माग गरेका छन्। यस विषयमा उद्योग प्रशासन प्रमुख ताराचन्दप्रसाद यादवले उद्योगभित्र आउने कामदारलाई कुनै असर नगरी मूलगेटको छेउमा मजदूरको धर्ना जारी रहेको बताएका छन् । उनले ट्रेड युनियन दर्ता प्रक्रियामा केही त्रुटि रहेकोले हामीले सच्याउन माग गरेको र त्यसपछि मजदूरहरूसँग वार्ता हुन सक्ने बताए ।

# कुष्ठरोग एवं सुरक्षा संरक्षणसम्बन्धी अभिमुखीकरण सम्पन्न

प्रस, परवानीपुर, १ चैत/

स्वास्थ्य कार्यालय, पर्साको आयोजनामा पर्साका पत्रकारहरूसँग कुष्ठरोग एवं सुरक्षा संरक्षण विषयक अभिमुखीकरण गोष्ठी बिहीवार सम्पन्न भएको छ ।

स्वास्थ्य कार्यालय, पर्साको सभाहलमा सम्पन्न एक दिने अभिमुखीकरण कार्यक्रममा पर्सामा कुष्ठरोग नियन्त्रणका लागि चालिएका पाइला तथा प्राप्त उपलब्धिका विषयमा छलफल भएको थियो । माइक्रो बायोलोजिकल ब्याक्टेरियम लेप्रिकबाट सर्ने यो रोग दुई किसिमको हुन्छ। एउटा बढी सङ्क्रमित र अर्को कम सङ्क्रमित हुन्छ। सरकारबाट निश्शुल्करूपमा प्राप्त औषधि नियमित खाए छ महीनादेखि बढीमा २४ महीनाभित्र यो रोग निको हुने भएकोले रोगलाई लुकाउनुको साटो नजीकको स्वास्थ्य संस्थामा चेकजाँच गरी औषधि खान स्वास्थ्यकर्मीहरूले सुझाव दिएका थिए ।

चालू आवमा पर्साका ११ वटा पालिकामा ४२ जना नयाँ कुष्ठरोगी भेटिएका छन् । पर्सामा चालू आवमा ३६ जना कुष्ठरोगी निको भएका छन् भने औषधिसेवन गरिरहेका १९ जना कुष्ठरोगी रहेको अन्तर्क्रियामा जानकारी गराइएको थियो । त्यसैगरी, मधेस प्रदेशका आठ जिल्लासहित तराईका १४ वटा जिल्ला कुष्ठरोगको दृष्टिकोणले जोखिममा रहेको र ती जिल्लाहरूलाई



अहिले केन्द्र सरकारले रेडजोनमा राखेको छ । नेपालभरि २,५२२ जना कुष्ठरोगी रहेकामा ३७ प्रतिशत रोगी मधेस प्रदेशका आठ जिल्लामा रहेको बताइएको छ ।

मधेसका आठ जिल्लामध्ये सप्तरीबाहेक सातवटा जिल्लामा कुष्ठरोगीको सङ्ख्या बढी देखिएको छ। पर्साका १४ वटा पालिकामध्ये सबैभन्दा बढी वीरगंज महानगरपालिकामा १७ जना नयाँ कुष्ठरोगी भेटिएका छन् । कुष्ठरोगीको श्वासप्रश्वासबाट ब्याक्टेरियाको सम्पर्कमा आएपछि यो रोग लाग्छ, जसले नसा र छालामा असर गर्छ । यस रोगको उपचार लामो समयसम्म नगरे शारीरिकरूपमा अशक्तता देखा पर्छ। जनचेतनाको अभाव र अशिक्षाका कारण यो रोग समाजबाट निर्मूल हुन नसकेकोले सञ्चारकर्मीलाई यस विषयमा कलम चलाउन आयोजक स्वास्थ्य कार्यालयले आग्रह गरेको थियो।

स्वास्थ्य कार्यालय, पर्साका प्रमुख डा मुक्तिनारायण साह र नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले समापन समारोहमा मन्तव्य व्यक्त गरेका थिए ।

पर्साका ठोरी, सखुवाप्रसौनी र पर्सागढीमा चालू आवमा नयाँ कुष्ठरोगी भेटिएका छैनन् ।